185

53

NHRC Library
Accession No. 20
Call No. ENV 005

NATIONAL HEALTH RESEARCH COUNCIL
LIBRARY

नेपालमा धुम्रपान : केही तथ्य

अध्ययन प्रतिवेदन – २०५५

1998

Rep 18
NHRC
2055

विषय प्रवेश

'धुम्रपान' शब्दले सल्काएको चुरोटको एक छेउ मुखमा राखी धुँवा तानेर मुखबाट फाल्ने कार्यलाई बताउछ । सोझो अर्थमा धुम्रपान भनेको धुँवा खानु हो । अहिलेको समयमा धुम्रपानको सामान्य प्रचलनमा चुरोट रहेको छ । धुम्रपानका अन्य प्रचलनमा सिंगार, सुल्पा, तमाखु, बिँडी पनि रहेका छन् । ती सबै धुम्रपानका प्रचलीत कुराहरुमा प्रयोग हुने सूर्ति नै हो । धुम्रपान गर्ने व्यक्तिहरु सूर्तीमा हुने 'निकोटीन' को अम्मली भएका हुन्छन् । धुम्रपान गर्ने सबै व्यक्तिले धुम्रपानले आनन्दको अनुभूति दिएको बताउँछन् ।

संसारभरी धुम्रपानले गर्दा हुने रोगहरुको कारण मृत्यु हुने मानिसहरुको संख्या बढ्दै गइरहेको छ । विश्व स्वास्थ्य संगठनले दिएको रिपोर्टमा सन् १९९० सम्ममा हरेक वर्ष २५ लाख मानिसको धुम्रपानको कारण मृत्यु हुने गरेको थियो । अहिले त्यो संख्या बढेर ३५ लाख पुगेको छ ।

१९ औं शताब्दी देखि निकोटिनलाई विषालु पदार्थ भनिदै आएको त हो । तर धुम्रपानले गर्ने हानीको बारेमा जानकारी हुन थालेको धेरै भएको छैन । खासगरी सन् १९६४ मा संयुक्त राज्य अमेरिकाका शल्य चिकित्सकले पहिलो पटक आधिकारीक रुपमा धुम्रपानले गर्ने स्वास्थ्यको हानी बारेमा सूचित गरेका हुन् । त्यसपछि भने मुटुको रोग, फोक्सोको रोग र विभिन्न किसिमका क्यान्सर र निकोटिनले गर्ने खराबीका विषयमा विभिन्न अध्ययनहरु हुँदै आएका छन् । धुम्रपान र सूर्तिले गर्ने खराबीका बारेमा जानकारी हुनु अगाडिनै सूर्तिको प्रयोग संसार भरी फैलिसकेको थियो । धुम्रपान र सूर्तीको खराब असरको विषयमा प्रचार सुरु हुँदा सूर्ति र सूर्तिजन्य वस्तुहरु चुरोट, सिंगार, खैनीका उत्पादकहरु आफ्ना उत्पादनको प्रचार गर्न सक्षम भैसकेका थिए ।

सूर्तिको इतिहास

पन्ध्रौं शताब्दीको अन्ततिर क्रिष्टोफर कोलम्बसले अमेरिका पत्ता लगाउनु अगाडि देखि नै अमेरिकाका रैथाने रेड इण्डियनहरुले सूर्तिको प्रयोग गर्थे । उनीहरुले परम्परा देखिनै आजभोली जस्तै सूर्तिलाई धुम्रपान गर्न, मुखमा राख्ने र नसको रुपमा प्रयोग गर्थे । कोलम्बसले सूर्तिलाई अमेरिकाबाट युरोप ल्याए । सूर्तिले औषधिको काम गर्छ भन्ने विश्वासमा युरोपमा धुम्रपान गर्न सुरु भयो । जीन निकोट नाम गरेका फ्रान्सेली कुटनीतिज्ञले फ्रान्समा सूर्ति पुऱ्याए । उनकै नामबाट सूर्तिको बोटको जातीका नाम Nicotiana राखिएको छ । सोह्रौं शताब्दी देखि युरोपमा सूर्ति र धुम्रपान लोकप्रिय हुँदै गएको हो ।

उत्तर अमेरिकामा बेलायतको उपनिवेश शुरु भएपछि बेलायतका आप्रवासी जोन रोल्फले सन् १६०२ मा दक्षिण अमेरिकाबाट सूर्तिको बिउ ल्याएर भर्जिनियामा सूर्तिको व्यवसायीक उत्पादन शुरु गरे । भर्जिनियाको माटो र हावापानी सूर्तिको लागि उपयुक्त ठहरियो । भर्जिनियामा अन्य ठाउमा भन्दा सूर्तिको राम्रो उत्पादन भयो । अहिले पनि भर्जिनियाको सूर्ति लोकप्रिय मानिन्छ ।

अमेरिकामा उत्पादन भएको सूर्ति बेलायत ल्याएर बेलायतका अन्य उपनिवेशमा पुऱ्याउन थालियो । यो क्रम सन् १७७५ को अमेरिकाको राज्य क्रान्ति अगाडिसम्म कायम थियो । राज्यक्रान्ति पछि भने संयुक्त राज्य अमेरिकाका उद्योगपतिहरुले धुम्रपान गर्ने, मुखमा राख्ने र नसालिने घरायसी उपभोगकोलागि सूर्तिको उत्पादन शुरु गरे । अठारौं शताब्दीको शुरु तिर संयुक्त राज्य अमेरिकामा सिंगारको उत्पादन शुरु भयो ।

त्यसै ताका चुरोट उत्पादन गर्ने मेशीनको निर्माण पछि चुरोटको उत्पादन पनि शुरु भयो । पहिलो चुरोट कारखाना सेन्ट पीटर्सवर्गमा जोसेफ हपम्यानले स्थापना गरे । १९ औं शताब्दीको अन्ततिर आइपुग्दा आजको चुरोट जस्तै रुपको चुरोट उत्पादन शुरु भैसकेको थियो ।

बिसौं शताब्दीमा चुरोट उत्पादन गर्ने अग्रणी देश संयुक्तराज्य अमेरिका हो । हाम्रो छिमेकी देशहरु चीन र भारत क्रमशः दोस्रो र तेस्रो स्थानमा पर्दछन् । अकबरको समयमा पोर्चुगाली समुद्री यात्रीहरुले सन्

१६०५ तिर भारतमा सूर्ती ल्याएका हुन् । मुगलकालिन भारतको सिको नेपालमाह पनि हुने गर्थ्यो । मुगलकालिन सीको गर्ने क्रममा नै नेपालमा सूर्ति आएको अनुमान गरिन्छ ।

अहिले संसारका ६० भन्दा बढी देशहरुमा सूर्ति महत्वपूर्ण बाली हो । सन् १९९० को दशकको शुरुतिर संसारमा उत्पादन हुने सूर्ति ७ लाख मेट्रिकटन थियो । सूर्तिको उत्पादनमा अग्रणी स्थान चीनले ओगटेको छ । त्यसपछि संयुक्त राज्य अमेरिका, ब्राजील र भारत पर्छन् । भारतको १९८१।८२ मा ५२ हजार ५ सय मेट्रिकटन सूर्ति उत्पादन भएको थियो ।

संसारभरी नै सूर्तिको प्रयोग धुम्रपान गर्ने, मुखमा राख्ने वा टोक्ने र नसलिने रुपमा प्रयोग हुन्छ । नेपालमा धुम्रपानको लागि चुरोट, सुल्पा, बिँडी, तमाखु आदि प्रचलीत छन् । मुखमा राख्नेमा खैनी, सूर्ति प्रचलीत छन् । यदाकदा नस लिने गरेको पनि पाइन्छ । सूर्ति प्रयोग गर्ने बानीमा स्थान हेरी फरक भएको पाइन्छ । तराइमा सूर्तिको प्रचलन परम्परागत रुपमा थियो । शहर र बजारमा सूर्तिको प्रचलनलाई खैनीका बिभिन्न रुपले विस्तापित गरेको छ । गाउँघरतिर पनि खैनीको प्रयोग बढ्दै गएको छ । शहर बजारमा चुरोटको प्रयोग पनि बढ्दै गएको छ ।

पहाडी भेगका गाउँहरुमा तमाखु खाने परम्परा थियो । बिहान बेलुका गाउँका मानिसहरु जम्मा भएर गफ गर्ने र तमाखु खाने गर्थे । यो परम्परालाई चुरोट र खैनीले विस्थापित गर्दै लगेको छ । सुल्पा र कांकडको प्रयोगलाई पनि तमाखु जसरी नै रंगीन र आकर्षक खोलभित्र बन्द भएका चुरोट र खैनीले विस्थापित गरेको छ । परम्परालाई विस्तापीत गर्न रेडियो र टेलिभिजनका विज्ञापनहरुले पनि सघाएका छन् ।

सूर्तिको खपत

विश्व स्वास्थ्य संगठनले १९९८ मे ३१ 'धुम्रपान रहित दिवसको अवसरमा प्रकाशीत गरेको रिपोर्टमा संसारका १ अरब १० करोड मानिसहरुले धुम्रपान गर्ने गरेका छन् । यो संख्या १५ वर्ष उमेर माथिका विश्वको जनसंख्याको एक तिहाई जनसंख्या हो । यी मध्ये ८० करोड मानिसहरु विकासोन्मुख देशमा बसोबास गर्छन् ।

संसारको जनसंख्याको लगभग ४७ प्रतिशत पुरुष र १२ प्रतिशत महिलाहरु धुम्रपान गर्छन् । विकासोन्मुख देशमा बसोबास गर्ने ४८ प्रतिशत पुरुष र ७ प्रतिशत महिलाले धुम्रपान गर्छन् । विकसित देशमा बस्ने ४२ प्रतिशत पुरुष र २४ प्रतिशत महिलाले धुम्रपान गर्छन् । तर नेपालको स्थिति भने भिन्दै छ नेपालको दुई तिहाइ जनसंख्याले धुम्रपान गर्छ । नेपालगजमा चुरोट कारखाना अध्ययन रिपोर्ट अनुसार नेपालमा धुम्रपान गर्ने पुरुषहरुको तुलनामा धुम्रपान गर्ने महिलाको प्रतिशत बढी छ ।

सन् २०२० को दशकको मध्य सम्ममा धुम्रपानको विगाविगी विकासोन्मुख देशमा सर्ने कुरा विश्व स्वास्थ्य संगठनले उल्लेख गरेको छ । त्यसबेला विश्वका धुम्रपान कर्ताहरुमा १५ प्रतिशतमात्र विकसीत देशमा रहने छन् । यसको अर्थ धुम्रपान गर्ने मानिसहरुको संख्या विकसित देशमा घट्दैछ । विकासोन्मुख देशमा बढदैछ । विकसित देशमा शिक्षाको राम्रो अवस्था चुरोटको विज्ञापन र बिक्रीमा नियन्त्रण गर्ने विभिन्न कानूनहरुको कारण चुरोट अम्मलीहरुको संख्या घट्दै गएको हो । विकसित देशमा धुम्रपान गर्ने महिलाको संख्या भने बढ्दै गएको छ । सन् १९९५ को विश्व स्वास्थ्य संगठनको रिपोर्टमा विकसित देशमा २१ प्रतिशत धुम्रपान गर्ने महिला भएकोमा अहिले २४ प्रतिशत पुगेको छ ।

सन् १९७० पछि सन् १९९५ सम्ममा प्रतिव्यक्ति चुरोटको उपभोग विकसित देशमा १० प्रतिशत रहेको थियो । विकासोन्मुख देशमा ६७ प्रतिशत पुगेको छ । विकासोन्मुख देशमा हरेक वर्ष २.१ प्रतिशतले धुम्रपान अम्मलीहरु बढीरहेको अनुमान विश्व स्वास्थ्य संगठनले गरेको छ । यो तथ्याङ्क अझ बढी हुन सक्ने अनुमान विज्ञहरु गर्छन् ।

एक वर्षमा संसारका धुम्रपान अम्मलीहरुले ६ हजार अरब चुरोट खपत गर्ने आकलन १९९५ मा गरिएको थियो । यो संख्या बढ्दो छ । हाम्रो छिमेकी देश भारतले वार्षिक ९० अरब खिल्ली चुरोट उत्पादन गर्छ । अन्य विकासोन्मुख देशमा उत्पादन हुने चुरोट तलको तथ्याङ्कले देखाउँछ ।

तालिका १ : चुरोट उत्पादन (अरब खिल्ली)

देश	१९७९	१९८३
केन्या	४.६	५.३
अल्जेरिया	१४.०	१७.५
इजिप्ट	२९.२	४४.०
चीन	६५१.०	९६२.६
इण्डोनेशिया	६९.८	९२.१
क्यूवा	२८.८	३०.०

(स्रोत : टच मी नट)

तल दिइएको तथ्याङ्कले अफ्रिका, दक्षिण अमेरिका र एसियामा जनसंख्या र चुरोट अम्मलीहरुको संख्यामा भइरहेको बृद्धिलाई तुलनात्मक अध्ययन गर्न मद्दत पुग्छ । सन् १९७६ देखि १९८६ सम्मको दश वर्षको अवधिमा यी महादेशमा जनसंख्याको बृद्धि र धुम्रपान गर्नेहरुको संख्यामा भएको बृद्धिको प्रतिशत दिइएको छ ।

तालिका २: जनसंख्या र धुम्रपान गर्नेहरुको संख्यामा भएको बृद्धि (प्रतिशतमा)

महादेश	जनसंख्या	धुम्रपान गर्ने संख्या
अफ्रिका	२३.४%	४१.५%
दक्षिण अमेरिका	२४.५%	३१.४%
एसिया	२१.८%	२८.५%

(स्रोत : टच मी नट)

भारतमा १९७० देखि १९८० को दश वर्षमा चुरोट अम्मलीको संख्यामा ४ सय प्रतिशतले बृद्धि भयो । भारत सूर्ती र खैनीको उपभोग गर्ने देशहरुमा अग्रणी स्थानमा नै आउछ ।

हाम्रो देशमा धुम्रपानको अवस्था के छ त ? नेपालमा धुम्रपान र सूर्तिको उपभोग सम्बन्धी अध्ययनहरु कम भएका छन् । अध्ययन र अनुसन्धानको कमीले समग्र देशमा धुम्रपान गर्ने अम्मलीहरुको आनिवानी र कसरी बढी रहेको छ आदि बारेमा ठोस रुपमा भन्न सक्ने अवस्था छैन ।

नेपालमा चुरोट कारखना खोल्नको लागि ऐनमा अनुमति लिनुपर्ने भनेर अनुसूचि २ मा राखिएको छ । अनुसूचि २ मा सुरक्षासँग सम्बद्ध (हातहतियार गोलीबारुद) कारखाना, सूर्ती जन्य वस्तुको उत्पादन गर्ने कारखाना र मदिरा उत्पादन गर्ने कारखानालाई एउटै कोटीमा राखिएको छ । अनुमति लिंदा उद्योग विभागमा विशेष फारम भरी पेश गर्नुपर्ने, वातावरणमा पर्ने असरको विश्लेषण गराउनु पर्ने नियम छ । यसलाई औद्योगिक प्रवर्द्धन परिषदले अनुमति प्रदान गर्नुपर्छ । अन्य उद्योगको हकमा अनुमति लिइरहनु पर्दैन ।

नेपालमा सूर्तीको खपत

नेपालमा जनसंख्याको ४१.३ प्रतिशत १५ वर्षभन्दा कम उमेरका छन् । १५ वर्ष र त्यो भन्दा बढी उमेरको जनसंख्या ५५.३१ प्रतिशत रहेको छ । नेपालको जनसंख्या वृद्धिदर २.६६ प्रतिशत हो ।

सन् १९८० मा मृगेन्द्र सम्झना चिकित्सक गुठीले नेपालको काठमाडौं, तराइ र पहाड गरी केही ठाउँमा धुम्रपानको अवस्था बारेमा अध्ययन गरेको थियो । सो अध्ययनले धुम्रपानको अवस्था नेपालमा कस्तो छ भन्ने आकलन गर्न सघाउछ ।

तालिका ३: नेपालमा विभिन्न ठाउँमा धुम्रपान गर्ने पुरुष र महिलाको प्रतिशत

	पुरुष	महिला
विकट काठमाडौं	७८.३	५८.९
शहर काठमाडौं	८४.६	१४.२
तराई	६०.७	४८.९
पहाड (उच्च)	८४.७	७१.७

(स्रोत : मृगेन्द्र सम्झना चिकित्सा गुठी)

त्यस्तै सुदुरपश्चिमान्चल र मध्यपश्चिमाञ्चलका तराई र पहाडी जिल्लाहरुको एक अध्ययन रिपोर्टअनुसार धुम्रपान गर्ने जनसंख्या दिइएको छ ।

तालिका नं. ४ : धुम्रपान गर्ने सनसंख्या

जिल्ला	जनसंख्या		धुम्रपान गर्ने		जम्मा धुम्रपानकर्ता
	पुरुष	महिला	पुरुष	महिला	
कञ्चनपुर	५०१५०	४१७४५०	२७५८२	६२६२	३३८४४
कैलाली	७३०८३	६५२४६	४०१९६	९७८७	४९९८३
बाँके	६०९९५	५७३७२	३३५४७	८६०६	४२१५३
बर्दिया	५७४४६	५०४६२	३१५९५	७५६९	३९१६४
सुर्खेत	४३१३५	४८४७३	२३७२४	७२७१	३०९९५
दाडदेउखुरी	७४२५५	६९२६१	४४८४०	१०३८९	५१२२९
दैलेख	४९०१२	४७३५४	३३८१८	३५५१६	६९३३४
कालिकोट	३१५५२	२००१७	३२१७११	१५०१३	३६७८४
जाजरकोट	२९८२९	२८०३८	२०५८२	२१०२९	४१६११
प्यूठान	४४२५४	४७३०८	३०५३५	३५४७७	६६०१२
रुकुम	३९१७३	३८३६४	२७०२९	२८७७३	५५८०२
सल्यान	४३२०१	४२८०५	२९८०९	३२१०४	६१९१३
रोल्पा	४६२३०	५४२४३	३१८९९	४०६८२	७२५८१
जुम्ला	२१५८७	२१२०१	१४८९५	१५९०१	३०७९६

हुम्ला	७०५०	६४५७	४८६५	४८४३	९७०८
मुगु	१३४४६	१२५२०	९२७५	९३९०	१८६६५
डोल्पा	७७२०	७०५८	५१८९	५२९४	१०४८३
दार्चुला	२५३८८	२७४१७	१७५१८	२०५६३	३८०८१
डडेलधुरा	२६६५५	२५०९०	१८३९२	१८८१८	३७२१०
बैतडी	५१८५३	५५८३७	३५७७९	४१८७८	७७६५७
डोटी	४४८२०	४७५२९	३०९२६	३५६४७	६६५७३
अछाम	५२६७१	६१६८६	३६२७४	४६२६५	८२५३९
बाजुरा	२१५७९	२३८१७	१४८९०	१७८६३	३२७५३
बझाङ	३८४६०	३६७७८	२६५३७	२५७४५	५२२८२
जम्मा	–	–	४०९९८३	४५०८०१	२६०७८४

(स्रोत : नेपालगंजमा चुरोट कारखाना अध्ययन रिपोर्ट)

नेपाल विश्वमै अत्याधिक धुम्रपान गर्ने देशहरुको हराहरीमा पर्छ । धुम्रपान गर्ने महिलाको प्रतिशतले नेपाल विश्वमै चौथो स्थानमा छ ।

तालिका ५: नेपालमा धुम्रपान गर्ने मानिसहरु उपभोग गर्ने चुरोट र बिँडी लाखमा

वर्ष	चुरोट	बिँडी
१९८१/८२	२८,३०५	३६,४६७
१९८२/८३	३२,०१०	२६,४६७
१९८३/८४	२७,८१९	२७,८७७
१९८४/८५	४८,५३५	४८,९६६
१९८५/८६	४७,४००	६७,६००
१९८६/८७	५६,००१	७९,०००
१९८७/८८	४२,००३	४७,५००

(स्रोत : स्मोकिङ्ग एमोङ योगस्टरर्स)

विगतको माथिको तथ्याङ्कले दिने झलकलाई हालका वर्षहरुमा नेपालमा उत्पादन भएको चुरोटको संख्यासँग राखेर हेरौं । यसमा बिँडीको संख्या संलग्न छैन ।

तालिका ६ : वार्षिक चुरोट उत्पादन (लाख खिल्ली)

आ.व.	जचुकाली	सूर्य टोवाको	नेपाल टोवाको
२०५१/५२	२२६७०५२०	४२३७४१५०	८१११३००
२०५२/५३	१९५१२९००	३४८१००००	११२३५९००
२०५३/५४	१७०८७२००	५१२३२०१०	१०६१३५५०
२०५४/५५	१२१५४३००	४६९०००००	–

- २०५४/५५ को तथ्याङ्क ८ महिनाको मात्र हो ।

(स्रोत : उद्योग विभाग)

सन् १९८१/८२ आर्थिक वर्षमा २८ हजार ३ सय ५ लाख खिल्ली चुरोट र ३६ हजार ४ सय ६७ लाख बिँडी उपभोग भएको छ । १५ वर्ष पछि आर्थिक वर्ष १९९६/९७ मा चुरोट मात्रै ७ करोड ९ लाख ३२ हजार ७ सय ६० लाख खिल्ली उत्पादन भएको छ । यो सख्या आर्थिक वर्ष १९८१/८२ को चुरोट बिँडी दुवैको सख्या भन्दा १२ सय गुणा बढी छ ।

नेपालमा चुरोट कारखाना तथा सूर्तीजन्य वस्तु उत्पादन गर्ने कारखानाको स्थापना भएको इतिहासलाई हेर्नेहो भने सूर्तीजन्य वस्तुको बजार बढदै गएको स्पस्ट हुन्छ ।

तालिका ७ : नेपालमा चुरोट कारखनाको स्थापना

नेपाल सिगरेट फ्याक्ट्री लिमिटेड–	२००४
जनकपुर चुरोट कारखाना लिमिटेड–	२०२१
नेपाल टोवाको कम्पनी प्रा.लि.–	२०२४
सूर्यटोवाको कम्पनी प्रा.लि.–	२०३९
सेती चुरोट कारखाना लि.–	२०४२
रोशनी बिँडी उद्योग प्रा. लि. –	२०४४
सृष्टि फ्राग्रेसेस–	२०५२
जयदुर्गा पानपराग उद्योग–	२०५३
पर्फेक्ट ब्लेन्ड नेपाल प्रा.लि.–	२०५३
सनसाइन पान मसला उद्योग प्रा.लि. –	२०५३
हनुमान टोवाको प्रा.लि.–	२०५४
सिखर टोवाको कम्पनी प्रा.लि.–	२०५४
कोशी टोवाको कम्पनी प्रा.लि. –	२०५४
क्वालिटी टोवाको प्रा.लि.–	२०५४

(स्रोत : कम्पनी रजिष्टारको कार्यालय)

नेपालमा उत्पादनको आधारमा मात्रै चुरोटको खपत आक्न सकिदैन । नेपाल र भारतको बीचमा भएको खुल्ला सीमानाले कताको उत्पादन कता पुगिरहेको छ भन्न सकिदैन । नेपालमा विभिन्न तरिकाबाट भित्रिएर बिक्री हुने विदेशी ब्राण्डका चुरोटको भार थाहा पाउने कुनै आधार छैन । विदेश पुगेर फर्कदा मानिसहरुले बोक्ने १/२ दर्जन बट्टा चुरोटको पनि कुनै लेखाजोखा हुन सकेको छैन ।

नेपालमा विदेशी चुरोट बिक्रीको लागि आयात गर्दा ५ हजार रुपैयाँ तिरेर आयात इजाजतपत्र पाउन सकिन्छ । त्यो इजाजत पत्र पाएपछि चुरोट आयात गर्न सकिन्छ । प्रतिहजार खिल्ली चुरोटको ११ सय रुपैयाँ भन्सार लाग्ने जानकारी प्राप्त भएको छ । सूर्य टोवाको कम्पनी ५५५ र सेती चुरोट कारखाना मार्लबोरो चुरोटको नेपालको लागि वितरक भएका छन् ।

नेपालमा विगतमा धुम्रपानको रुपमा प्रचलनमा रहेका बिँडी, सुल्पा, तमाखु, कंकड र सूर्तीको प्रयोगलाई चुरोटले कति विस्थापित गरेको छ भन्ने पनि कुनै तथ्याङ्क छैन । नेपालको उत्पादनले विदेशी चुरोटलाई कति विस्थापित गरेको छ भन्ने पनि लेखाजोखा गर्न सकिएको छैन । तर नेपालमै उत्पादनमा वृद्धि आएपछि नेपालमा बिक्री हुने चीनिया र भारतीय चुरोट र बिँडीको बजार सुकाएको छ । चुरोटको उत्पादनमा भएको अत्यधिक वृद्धिले धुम्रपान गर्नेको संख्यामा वृद्धि भएको कुरालाई भने नकार्न सकिने ठाउँ छैन ।

तालिका ८ : उमेर समूहको आधारमा धुम्रपान गर्ने प्रतिशत

	शहर र काठमाडौं		तराई		उच्च पहाड	
वर्ष	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
२०-२९	५२.१	६.०	६१.६	३६.७	७६.१	६८.०
३०-३९	६९.६	१६.२	६६.२	५५.८	८२.२	७७.५
४०-४९	६३.४	२०.७	५८.१	६५.९	९५.७	७१.६
५०-५९	६४.८	१४.५	६१.२	६७.८	१६.५	७६.९
६०-६९	८१.८	२५.०	५०.०	१९.०	९५.९	५३.८
७०+	६६.८	२५.०	३७.५	६६.६	१००.०	६६.६

(स्रोत : मृगेन्द्र सम्झना चिकित्सा गुठी, १९८०)

यो तथ्याङ्कले नेपालमा धुम्रपानको अवस्थालाई अझ बढी बुझाउन मद्दत पुऱ्याउछ । काठमाडौंमा धुम्रपान गर्ने महिलाको प्रतिशत कम छ । तराईमा धुम्रपान गर्ने महिलाको संख्या काठमाडौंमा भन्दा निक्कै बढी भएको देखिन्छ भने उच्च पहाडी क्षेत्रमा अझ बढी छ । झन्नै पुरुषको संख्याको हाराहारीमा छ ।

मृगेन्द्र चिकित्सा गुठीको अध्ययनमा ८ देखि १९ वर्षमा किशोरहरु पनि संलगन गराइएको थियो । ८ वर्षको बालकहरुमा १०.१ प्रतिशत बालकहरु दैनिक धुम्रपान गर्ने गरेको पाइएको कुरा गुठीले उल्लेख गरेको छ । यो प्रतिशत ११ वर्षका उमेर समूहसम्म उस्तै पाइयो भने १९ वर्ष पुग्दा नपुग्दा ५७.५ प्रतिशतले धुम्रपान गरेको पाइयो ।

किशोरहरु परिवारका सदस्य वा साथीहरुको प्रभावले धुम्रपान गर्न शुरु गर्ने गरेको पनि पाइयो । किशोरहरुले उच्च पहाडी क्षेत्रमा धुम्रपान शुरु गर्ने सरदर उमेर १३ वर्ष रहेको छ । गुठीले उच्च पहाडी क्षेत्रको रुपमा जुम्लामा अध्ययन गरेको थियो ।

जुम्लामा नै २०५४ साल आश्विन-कार्त्तिकमा मृगेन्द्र सम्झना चिकित्सा गुठीले अर्को अध्ययन गरेको छ । जुम्ला जिल्लाको प्रतिनिधित्व हुने गरी १६ वटा गाविसका ७० वडाहरुमा भएको अध्ययनले ८६ प्रतिशत पुरुषह र ७७ प्रतिशत महिलाहरुले धुम्रपान गर्ने गरेका छन् । यो प्रतिशत अघिल्लो अध्ययनको भन्दा बढी छ ।

त्यस्तै किशोरहरुमा धुम्रपान गर्ने लत पनि बढेको पाइएको छ । २१ प्रतिशतले १० वर्ष नपुग्दै धुम्रपान गर्न शुरु गर्छन् । १५/१६ वर्षमा ९३ प्रतिशतले धुम्रपान गरेको पाइएको छ । ९ देखि १६ वर्षको उमेरमा किशोरले धुम्रपान गर्न सिक्ने गरेको छ ।

जुम्लामा धुम्रपानको लागि स्थानीय रुपमा उत्पादन गरेको काँचो पातबाट तमाखु बनाएर धुम्रपान गर्ने अत्यधिक रहेका छन् । पुरुषहरु र जवान ठिटाहरु चुरोट र खैनी सेवन गर्न आकर्षित भएका छन् । चुरोट र खैनीको प्रचार प्रसारले यो आकर्षण बढाउदै लगेको छ । १४ प्रतिशतले खैनी र सूर्ति खाने गरेको पनि पाइएको कुरा गुठीले उल्लेख गरेको छ ।

नेपालमा धुम्रपान गर्नेको संख्या साधारण रुपमा अनुभव गर्न सकिने अवस्थामै बढेको छ । हाम्रो वरिपरिका धेरैजसो व्यक्तिहरु हातका औलामा धुवाँ उड्दै गरेको चुरोट च्यापेको अवस्थामा भेटिन्छन् । सडक, चौक, खेलकूद मैदान, क्याम्पस र स्कूलका चौरहरुमा चुरोटका ठुटाहरु बेग्रेल्ती छरिएका पाइन्छन् । जसले (चुरोट) धुम्रपान गर्दैन उसले हातमा सूर्ति राखेर दुई औलाले च्यापी मुखमा राख्न ठिक्क परेको अवस्थामा भेटिन्छ । चुरोट र सूर्ति दुवै प्रयोग गर्ने पनि छन् । चुरोट र सूर्तिको प्रयोग नगर्ने मानिसहरु भेटाउन चामलमा बियाँ खोजे जस्तै स्थिति छ । यस्तो अवस्थामा सूर्तिबाट बनेका बस्तुको अम्मल प्रयोग गर्ने

वास्तविक तथ्याङ्क निकाल्न अत्यन्त आवश्यक भैसकेको छ । अम्मलीहरुको वास्तविक तथ्याङ्कले मात्र धुम्रपान र सूर्तिबाट बनेका वस्तुहरुको सेवनले गर्ने हानी र बच्ने उपायको लागि के गर्न सकिन्छ भन्ने निचोड निकाल्न सकिएला ।

स्वास्थ्यमा गर्ने हानी

विश्व स्वास्थ्य संगठनले १९९८ मे ३१ को 'सूर्ति रहित दिवस' को लागि प्रकाशित गरेको रिपोर्टमा वर्षेनी ३५ लाख मानिसहरु धुम्रपानको कारण गरिरहेछन् । यो संख्या १९९० सम्म वर्षेनी २५ लाख मात्र थियो । १९९५ मा बढेर ३० लाख पुग्यो । अर्को २/३ दशकमा धुम्रपानको कारण वर्षेनी मर्ने मानिसको संख्या १ करोड पुग्ने अनुमान गरिएको छ ।

इतिहासमा भएका कुनै पनि युद्धमा भन्दा धेरै मानिस सूर्तिको सेवनले मरिरहेछन् । अहिले संसारमा सूर्ति सेवनको कारणले मृत्युको मुखमा पुगेका ३५ लाख मानिसहरुमा दुई तिहाई त विकसित देशका मानिसहरु नै छन् । यो अवस्था केही वर्षमा नै परिवर्तन भएर सूर्ति सेवनको कारण विकासोन्मुख देशहरुमा महामारीको अवस्था आउने छ । किनभने ८० करोड धुम्रपान गर्ने मानिसहरु अहिले विकासोन्मुख देशका छन् । विकासोन्मुख देशमा धुम्रपान गर्ने संख्या तीव्र गतिमा बढीरहेका छ । केही वर्ष पछाडि धुम्रपान कारण लाग्ने रोगहरु सुरु हुनेछ । त्यसबेला कमजोर आर्थिक अवस्था, स्वास्थ्य सेवाको क्षेत्रमा नगन्य मात्रामा भएको सुविधाले गर्दा सूर्तिको कारण उब्जिएको महामारी थेग्नै नसक्ने अवस्था बन्न सक्छ ।

सूर्तिमा निकोटीन भन्ने पदार्थ हुन्छ । सूर्ति सेवन गर्दा सूर्तिको रस वा धुँवामा निकोटीन पनि आउछ । यसले हाम्रो मस्तिष्कलाई स्वास्थ्य रहन नभै नहुने एक प्रकारको रसायन पदार्थलाई नष्ट गरी त्यसको ठाउँमा आफू स्थापीत हुन्छ । यसपछि निकोटीनको मात्रा रगतमा कम हुनासाथ व्यक्तिलाई के गरौं, कसो गरौं जस्तो चिडचिडाहट शुरु हुन्छ । त्यसबाट शान्त हुनको लागि व्यक्ति सूर्ति सेवन गर्न पुग्छ । यसरी मानिस निकोटीनको अम्मली बन्छ । अम्मली बनेपछि सूर्ति सेवन वा धुम्रपान छोडन चाहेर पनि व्यक्तिले सूर्ति सेवन वा धुम्रपान छोडन सक्तैन ।

सूर्ति सेवन वा धुम्रपानको लामो अवधिमा शरीरमा निकोटीन थुप्रिदै जान्छ । निकोटीन मात्रै होइन सूर्ति हजारौं किसिमका रसायनीक पदार्थको समिश्रण हो । ती रसायनीक पदार्थ मध्ये धेरैजसो हाम्रो शरीरको लागि हानीकारक छन् ।

तालिका ९ : धुम्रपान गर्ने व्यक्तिको शरीरमा प्रवेश गर्ने सूर्तीमा रहेका केही रसायनीक पदार्थहरु र तिनको परिमाण निम्न अनुसार दिइएको छ ।

Compund	a	b
VAPOUR PHESE		
Carbon monxide	10-23mg	2.5-4.7
Carbon dioxide	20-60mg	8-11
Carbonyl sulphide	18-42µg	0.03-0.13
Benzene	12-42µg	10
Toluene	160µg	6-8
Formaldehyde	70-100µg	0.1-50
Acrolein	60-100µg	8.0-15
Acetone	100-250µg	2.0-5
Pytidine	16-40µg	7.0-20
3-Vinylpyridine	15-30µg	20-14

Hydrogen cyanide	400-500	0.1-0.25
Hydrazine	32µg	3.0
Ammonia	50-150µg	40-170
Methylamine	17.5-28.7µg	4.2-6.2
Dimethylamine	7.8-10µg	3.7-5.1
Nitrogen oxides	100-60µg	4-10
N-Nitrosodimethylamine	10-40µg	20-100
N-Nitrosopyrrolidine	6-30µg	6-30
Formic acid	210-487µg	1.4-1.6
Acetic acid	330-810µg	1.9-3.9
PARTICULATE PHASE		
Particulate matter	15-40mg	1.3-1.9
Nicotine	1.7-3.3mg	1.8-3.3
Anatabine	2.4-20.1µg	0.1-0.5
Phenol	60-140µg	1.6-3.0
Catechol	100-360µg	0.6-0.9
Hydroquinone	110-300µg	0.7-0.9
Aniline	360µg	30
Orth-Toluidine	160µg	19
2-Naphthylamine	1.7µg	30
4-Aminobiphenyl	4.6µg	31
Benz (a) Anthracene	20-70µg	2.2-4
Benzo (a) Pyrene	20-40µg	2.5-3.5
Cholesterol	14.2µg	0.9
y-Butyrolactone	10-22µg	3.6-5.0
Quinol	0.5-2µg	8-11
Harman	1.7-3.1µg	0.7-1.9
N-Nitrosonornicotine	200-300µg	0.5-3
4- (Methylnitrosamino) – 1 (3-pyridyl) – 1 – butanone	100-1000µg	1-4
N-Nitrosodiethanolamine	20-70µg	1.2
Cadmium	100µg	3.6-7.2
Nickel	20-80µg	0.2-30
Zinc	60µg	0.2-6.7
Polonium – 210	0.03-0.5pCi (c)	1.06-3.7 b
Benzoic acid	14-22µg	0.67-0.95
Lactic acid	63-174µg	0.5-0.7
Glycolic acid	37-126µg	0.6-0.95
Succinic acid	112-163µg	0.43-0.62

a = सक्रिय धुम्रपानकर्ताले लिने रसायनीक पदार्थको परिमाण

b = निस्क्रिय धुम्रपानकर्ताले लिने रसायनीक पदार्थको परिमाण

c = 0.001-0.019 Bq

(स्रोत : स्मोकिङ एमोङ्ग योङस्टर्स)

धुम्रपानलाई कुनै एउटा रोग टि.बी., एड्स जस्तो दाज्न पनि मिल्दैन । ती रोगमा एउटै रोग लगाउने जीवाणु हुन्छ । धुम्रपानमा ४ सय किसिमका विषालु पदार्थ हुन्छ । ती पदार्थले प्रत्यक्ष रुपमा ३५ रोगहरु लगाउछन् भने एक सय भन्दा बढी रोग अप्रत्यक्ष रुपले लगाउने र अकालमै मृत्यु हुने हुन्छ ।

धुम्रपान गर्दा प्रमुख रुपमा निस्कने ग्यासमा कार्बन मनोअक्साइड हो । कार्बन मोनोअक्साइड सजिलै रगतमा मिसिन्छ र रगतमा भएको हेमोग्लोबीनलाई नष्ट गर्छ । हेमोग्लोबीनले शरिरका विभिन्न भागमा अक्सिजन ओसार्ने काम गर्छ । हेमोग्लोबिनलाई कार्बन मोनो अक्साइडले नष्ट गर्ने भएपछि धुम्रपान गर्दा शरिरका महत्वपूर्ण अंगहरु मस्तिष्क, मुटु आदिमा पर्याप्त मात्रामा अक्सिजन पुग्न पाउदैन । लगातार धुम्रपान गर्ने व्यक्त मुटुकोरोगी बन्छ । धुम्रपान गर्ने व्यक्तिलाई मुटुको रोगबाट मर्ने सम्भावना अरुको भन्दा १० गुणा बढी हुन्छ ।

सूर्ति र धुम्रपान क्यान्सरको घर हो । सूर्तिमा ४३ वटा क्यान्सर लगाउने तत्वहरु पाइन्छन् । धुम्रपान गर्दा सजिलै मानिसको शरीरमा ती तत्वको प्रवेश हुन्छ । ९० प्रतिशत फोक्सोको क्यान्सर धुम्रपानको कारणले हुने गरेको पाइएको छ । क्यान्सर गर्ने तत्वहरुमा 'टार' मुख्य हो । धुम्रपान गर्ने व्यक्तिको औला, दाँतमा लाग्ने दाग 'टार' को हो । धुम्रपानले फोक्सो बाहेक घाँटी, पेट, फियो, मूत्र थैली र पाठेघरको क्यान्सर पनि गराउछ ।

धुम्रपानले दम गराउछ । फोक्सो फुक्ने र खुम्चने प्रक्रिया सजिलोसंग हुन नसकी सास लिन र छोड्न हुने स्यास्यां र अफ्ठेरोपना नै दम हो । धुम्रपानले सम्झने शक्ति कम हुने, अनिद्रा जस्ता समस्यालाई पनि बढाउछ ।

तालिका १० : सुर्तीको प्रयोगबाट हुने सम्भावित मृत्युका कारणहरु

क्यान्सर	**मुटु र श्वास नली सम्बन्धी रोग**
* ओठ, मुख तथा भोजन नली	*बाथज्वर (rheumatic athritis)
* आमाशय	* उच्च रक्तचाप
* प्याङक्रीयाज	*Ischaemic heart disease
* स्वास नली	* Pulmonory heart disease
* फोक्सो, श्वास नली तथा ब्रोडकस	* अन्य मुटु सम्वन्धी रोग
* मुत्र थैली	मस्तिष्कमा हुने रक्तनलीको रोग cereovascular
* मृगौला तथा अरु मूत्र अंगहरु	* Atherosclerosis
	* Aortic aneurysm
	* अन्य धमनी सम्वन्धी रोगहरु
स्वास प्रश्वास सम्बन्धी रोग	**बच्चालाई हुने रोग**
* टि.वी.	* कम तौल हुने
* न्यूमोनिया तथा	* स्वास फेर्न कठिनाइ हुने रोग
* दिर्घ खोकी (Bronchitis) तथा	
* Emphysema	* New born respiratory conditions.
* दम	* अचानक बच्चाको मर्ने रोग
* दीर्घ स्वास प्रश्वास नलीमा रोग	

गर्भवती महिलाले धुम्रपान गर्नाले वा धुम्रपान गर्नेहरुको नजीक बस्नाले गर्भमा रहेको शिशुलाई असर पर्छ । गर्भ तुहिने, कम तौलको बच्चा जन्मीने, जन्मेको केही दिनमा नै बच्चा मर्ने हुनसक्छ ।

धुम्रपान गर्नाले विभिन्न रोग लाग्ने हुन्छ । खानाको रुची कम हुने, पेट गडबड हुने आदि कारणले मानिसको कार्यक्षमतामा ह्रास आउछ । धुम्रपानले आँखा कमजोर पार्ने, सास गन्हाउने, दाँत गीजा बिग्रने, छिटो मुख चाउरी परी बुढो नै हुन्छ । पुरुषहरुमा नपुसकता र महिलामा बाझोपना देखिन्छ ।

'धुम्रपान स्वास्थ्यको लागि हानीकारक छ'- धुम्रपानको बारेमा स्थापित मान्यता हो । धुम्रपान गर्नेलाई मात्रै होइन धुम्रपान गरेको बातावरणमा बस्ने मानिसलाई पनि उत्तिकै हानी गर्छ । धुम्रपान गर्ने व्यक्तिले चुरोटको धुँवा २५ प्रतिशत मात्र तान्छ भने ७५ प्रतिशत वाहिरै निस्कन्छ । त्यो धुँवा स्वास फेर्दा वरिपरि बसेका व्यक्तिको फोक्सोमा प्रवेश गर्छ र धुम्रपानको माथि दिएको हानीहरु गर्छ । तालिकामा सूर्तिमा हुने रसायनीक पदार्थको तालिकामा धुम्रपान गर्दा निस्कृय धुम्रपानकर्ताले लिने रसायनीक पदर्थको मात्रा पनि दिइएको छ । धुम्रपान गर्ने व्यक्तिलाई सक्रिय धुम्रपान कर्ता सक्रिय धुम्रपानकर्ताको नजिक बसेर धुँवामा स्वास फेर्ने व्यक्तिलाई निस्कृय धुम्रपान कर्ता भनिन्छ ।

निस्कृय धुम्रपान कर्तामा पनि वर्षेनी हजारौ फोक्सोको क्यान्सर भएको पाइएको छ । निस्कृय धुम्रपान कर्ताको रुपमा भएका बच्चाहरुमा पनि फोक्सोको संक्रमण, निमोनिया जस्ता रोगहरुले बढी आक्रमण गरेको पाइएको छ । पछि गएर फोक्सोको क्यान्सर हुने समभावना पनि ती बच्चाहरुमा बढी रहेको छ ।

अबको २/३ दशकसम्ममा विश्वमा १ करोड मानिस वर्षेनी धुम्रपानको कारण मर्ने छन् । ती मध्ये ७० लाख मानिस त विकासोन्मुख देशहरुमा बसोबास गर्ने मध्येका हुनेछन् । धुम्रपान गर्ने अहिलेको अवस्था रहेमा अहिले बाँचीरहेका ५० करोड मानिस सूर्तिको कारणले नै मर्छन् । विकसित देशहरुमा दोस्रो विश्वयुद्धताका खास गरी १९४० को र ५० को दशकमा व्यापक भएको धुम्रपानको असर अहिले देखा पर्न थालेको छ । विकसित देशमा भएका संख्याको २० प्रतिशत मृत्यु त सूर्ति वा धुम्रपानको कारणले नै भइरहेको छ । सन् २०२० मा संसारमा हुने मृत्यु सख्याको १२ प्रतिशत मृत्यु सूर्तिको कारणले हुनेछ । सन् २०२० विश्वमा एच.आइ.भी., टि.वि., मातृ मृत्यु, मोटर दुर्घटना, आत्महत्या आदिकारणले भन्दा बढी मानिसहरु सूर्तिको कारणले मर्ने छन् । अहिले नै प्रत्येक दिन १० हजार व्यक्ति मरिरहेछन् । सूर्तिको प्रयोगले संसारभरिमा हरेक वर्ष २ सय अरब अमेरिकी डलर भन्दा पनि बढी नोक्सान भइरहेको छ ।

धुम्रपान मात्रै होइन मुखमा राखिने सूर्ति पनि उत्तिकै हानीकारक छ । भारतमा मुखमा राखिने सूर्ति सबभन्दा बढी प्रयोग हुन्छ । मुख, गाला, घाँटीको क्यान्सर पनि भारतमा नै बढी पाइएको छ। सन् १९८८ मा सूर्तिको प्रयोगको कारण भारतमा १० लाख मरेको आकलन गरिएको थियो ।

तर किन सूर्तिको र सूर्तिजन्य वस्तुको उत्पादन र प्रयोगमा प्रतिबन्ध लाग्दैन ? चुरोट उत्पादन गर्ने नयां नयां कारखानाहरु स्थापना हुँदैछन् । प्रचारको नयाँ-नयाँ शैली अपनाएर र नयाँ उपभोक्ताको खोजी गरेर उत्पादन भएको चुरोट र सूर्तिजन्य वस्तुको खपत बढाउने प्रयास पनि भएको छ । संसारभरी नै सूर्तिले र सूर्तिजन्य वस्तुको प्रयोगले यति ठूलो संख्यामा मानिसहरु मारिरहेछन् । आर्थिक नोक्सानी त्यसरी नै भइरहेको छ । भोलीका दिनहरुमा समस्या बढने निश्चित नै छ ।

आर्थिक लाभको कुरा

संसारका ६० भन्दा बढी देशहरुमा सूर्ति खेती महत्वपूर्ण बाली हो । सूर्तिको बिक्रीबाट कृषकले पाउने रकम अन्य बालीबाट भन्दा बढी पाउछ । सूर्तिजन्य वस्तुमा लाग्ने सरकारी कर कृषकले बालीबाट पाउने आम्दानी भन्दा कैयौं गुणा बढी हुन्छ । धेरैजसो सरकारलाई सूर्तिजन्य वस्तुको उत्पादन र बिक्रीबाट उठने कर राजश्वको दह्रो स्रोत रहँदै आएको छ ।

समाजमा केही क्षेत्रहरु, सूर्ति उत्पादन गर्ने किसान, उद्योगपति, उद्योगका कामदार, बिक्रेता, बिज्ञापन एजेन्सीहरुलाई सूर्ति र सूर्तिजन्य वस्तुको बिक्रीबाट फाइदा छ । सरकारले राजश्व र रोजगारीको कारण सूर्ति र सूर्तिजन्य वस्तुको उत्पादन र बिक्रीबाट आर्थिक फाइदा देखीरहेको हुन सक्छ ।

सूर्तिको उत्पादन आर्थिक वातावरणीय र स्वास्थ्यको दृष्टिकोणबाट पनि हानिकारक उत्पादन हो । सूर्ति बालीको लागि बढी खनिज तत्व र पोषक तत्व आवश्यक पर्छ । सूर्तिबालीले माटोको उर्वरा शक्ति घटाउछ । त्यसकारण माटोमा भएको प्राकृतिक तत्वहरुले उत्पादन राम्रो नहुने भए पछि रसायनिक मल अधिक प्रयोग गर्नु पर्छ । त्यताबाट पनि आर्थिक नोक्सानी भयो ।

सूर्तिको अधिक उत्पादन लिन बालीलाई किरा र रोगबाट जोगाउन किटनाशक औषधिको प्रयोग गर्नु पर्ने हुन्छ । यसले आर्थिक र वातावरणीय दुवैलाई हानी गर्छ ।

सूर्ति खेती गर्नको लागि जंगल फाडेको पनि पाइन्छ । जंगल भएको जमीनको माटो उर्वरा हुने भएकोले जंगल फाडी सूर्ति लगाइने गरेको पनि छ । अर्कोतर्फ सूर्तिको पातलाई सुकाउन आगोमा सेकाउने गरिन्छ । विश्व स्वास्थ्य संगठनले ३ सय खिल्ल चुरोट बनाउन गरिने प्रक्रियामा एउटा रुख बालेर सकिन्छ भन्ने जनाएको छ । भारतको ४० प्रतिशत सूर्ति उत्पादन गर्ने भारतको आन्ध्र प्रदेश आउदो १५ वर्षमा मरुभूमिमा परिणत हुने अनुमान गरिएको छ । सूर्ति उत्पादनले वातावरण बिगारेको छ ।

नेपालमा

नेपालमा सूर्तिजन्य वस्तुबाट उठ्ने राजश्वको ९९ प्रतिशत कर चुरोट उद्योगले व्यहोर्ने गरेका छन् । अन्य सूर्तिजन्य उद्योगले १ प्रतिशत मात्र व्यहोर्ने गरेको दाबी सूर्य टोबाकोले गरेको छ । चुरोट उद्योगले नेपालमा खपत हुने सूर्तिको ५१ प्रतिशत भार व्यहोर्छन भने चुरोट उद्योगले ४९ प्रतिशत सूर्ति मात्र खपत गर्छ भन्ने दाबी सूर्य टोबाको कम्पनीले प्रकाशित गरेको 'एक दशक' मा गरिएको छ ।

नेपाल चुरोट उत्पादन गर्ने कारखाना सरकारले नै चलाउने थोरै देशहरु मध्ये पर्छ । सन् १९६६ मा तत्कालिन सोभियतसंघले निर्माण गरिदिएको जनकपुर चुरोट कारखाना सरकारको मातहत रहेको कारखाना हो । नेपालमा हाल चालू अवस्थामा रहेका जनकपुर चुरोट कारखाना, सूर्य टोबाको कम्पनी, नेपाल चुरोट कारखाना, नेपाल टोबाको कम्पनी हुन् । यी कम्पनीले विभिन्न ब्राण्डका विभिन्न स्तरका चुरोटहरु उत्पादन गरि आएका छन् ।

तालिका : ११ नेपालमा चुरोटबाट राजश्वमा आम्दानी जम्मा (रुपैयाँमा)

आर्थिक वर्ष	अन्तशुल्क	बिक्रिकर	जम्मा राजश्व
२०५३/५४	१,०७,३५,८३,०००	४५,५१,२३,०००	१,५२,८७,०६,०००

(स्रोत : मूल्य अभिवृद्धि कर विभाग)

२. जचुकाले मात्र तिरेको राजश्व (रुपैयाँमा)

आर्थिक वर्ष	अन्तशुल्क	बिक्रीकर	जम्मा राजश्व
२०५२/५३	१,७३०६३३८७	१०५९२९१०२।९७	२७,८९,८४,४८९
२०५३/५४	१८९०००९३०	८४९८९९६।९०	२७,३९,९०,८९६

तालिका : १२ चुरोट र बिडी कम्पनीहरुले तिरेको राजश्व (रुपैयाँमा) (११ वर्ष अगाडिको)

वर्ष	चुरोट	बिँडी
१९८१/८२	१४ करोड	२ करोड
१९८२/८३	१८ करोड	२ करोड
१९८३/८४	२१ करोड	२ करोड ५० लाख
१९८४/८५	४५ करोड	४ करोड
१९८५/८६	६५ करोड	५ करोड
१९८६/८७	७५ करोड	५ करोड ५० लाख

(स्रोत : स्मोकिङ एण्ड योङगस्टर)

सूर्तिको खपतले समाजमा पारेको चौतर्फी असरलाई मूल्याङ्न गर्ने हो भने आर्थिक नोक्सानी भएको देखिन आउँछ । वातावरण विनास, माटोको उर्वरा शक्तिको क्षय, विग्रेको स्वास्थ्य स्थिति, कार्यक्षमतामा ह्रासलाई कृषकले पाउने आम्दानी, राजश्व र रोजगारको सम्भावनाले भरथेग गर्न सक्दैन ।

चुरोट कम्पनीले गर्ने मूनाफा सूर्ति उत्पादन गर्ने कृषकले भन्दा सयौं बढी हुन्छ । कारखानाको मर्मत सम्भारमा खर्च हुने रकम सानो अंश मात्रै हुन्छ । नाफाको यो मात्रा अन्य उद्योगमा भन्दा निकै धेरै हुन्छ । मुनाफाको ठूलो अंशको कारणले नै चुरोट कम्पनीहरु दह्रो गरी उभिन सफल भएका हुन् । मुनाफाको कारण नै चुरोट कारखानाहरुले आफ्नो उत्पादन क्षमता विस्तार गर्दै लान सक्छन् । नयां बजार खोजी गर्छन् र नयां मानिसहरुलाई चुरोटको अम्मली बनाउछन् ।

चुरोट कम्पनीहरुले विज्ञापन एजेन्सी, पत्रपत्रिका सञ्चारमाध्यमलाई प्रभावमा राख्न विज्ञापनको प्रयोग गर्छन् । विज्ञापनले उनीहरुलाई दोहोरो फाइदा दिन्छ । पहिलो चुरोट र सूर्तिको विज्ञापन । दोस्रो बजार बढाउन रोक लगाउने कुराको विज्ञापन प्राप्त गर्ने र प्रायोजन गराउने समूहबाटै विरोध हुन्छ ।

विज्ञापन र प्रायोजन

सूर्तिका उत्पादनहरुले खासगरी चुरोट उत्पादकहरुले आफ्नो उत्पादन बजारमा बिकाउन आकर्षक विज्ञापनहरु गर्छन् । रेडियो टेलिभिजन र पत्रपत्रिकामा विज्ञापनहरु दिन्छन् । ती विज्ञापनहरुमा लक्षित समूहलाई आफ्नो उत्पादन तर्फ आकर्षित गर्ने गरिन्छ । चुरोटको धुम्रपानले व्यक्ति बलियो, फूर्तिलो हुने देखाइन्छ । चुरोटको सेवनले यौन आकर्षण बढछ भनेर पनि विज्ञापनमा प्रस्तुत गरिन्छ । हाम्रो देशमा पनि चुरोटको विज्ञापनमा यीनै कुरालाई प्रस्तुत गर्न खोजिएको छ । विज्ञापनमा आकर्षक व्यक्तित्व भएका चर्चित सीने कलाकारहरुको प्रयोग भइरहेको छ ।

संयुक्त राज्य अमेरिकामा बिसौं शताब्दीको शुरु तिर चुरोटको सेवन गर्न, चुरोट उत्पादन तर्फ महिलालाई आकर्षित गर्न एकजना महिला फोटोग्राफरको उपयोग गरिएको थियो । फ्रान्सेस बेन्जामीन जोनस्टोनको निजी पोर्टेट दिएर चुरोटको सेवनले महिलामा यौन आकर्षण बढने बताइएको थियो । JOB चुरोटको बट्टामा नायीकाको तस्वीर छाप्ने गरिन्थ्यो ।

चुरोट कारखानाहरुले आफ्ना उत्पादनको बिक्री बढाउन विज्ञापनमा अत्यन्त धेरै खर्च गर्ने गर्छन् । १९९२ मा संयुक्त राज्य अमेरिकामा मात्र ५ अरब अमेरिकी डलर रकम चुरोट कम्पनीहरुले बजार प्रवर्द्धनमा खर्च गरेका छन् ।

लाखौं दर्शकहरु पाकिस्तान र दक्षिण अफ्रिकाको बीचमा भइरहेको क्रिकेटको फाइनल हेर्न आफ्नो आफ्नो टेलिभिजन अगाडि झुम्मिइ रहेका थिए । हरेक पटक बलरलाई क्यामराले पछ्याउथ्यो टेलिभिजनमा

प्रत्यक्ष प्रसार भएको थियो, मैदानमा ठूला र आकर्षक अक्षरमा लेखिएको खेल प्रायोजन गर्ने चुरोट कम्पनीको नाम टेलिभिजनको पर्दामा आउथ्यो । हरेक खेलाडी टेलिभिजनको पर्दामा आउदा उसको पोशाकमा छापिएको चुरोटको नाम र लोगो पनि आउथ्यो तर त्यो विज्ञापन थिएन ।

खेलकुद तथा अन्य कार्यक्रमहरु प्रायोजन गरेर चुरोटले विज्ञापन गर्ने नयां शैली शुरु गरेको धेरै पनि भएको छैन । १९६० को दशकमा चुरोटको विज्ञापनमा 'धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ' भन्ने उल्लेख गर्नु पर्ने बाध्यतात्मक नियम बन्न थाले देखि विज्ञापन गर्ने शैली पनि फेरिएको हो । चुरोटको छाँव सप्रने, ब्राण्ड पनि सजिलै स्थापीत हुने र धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ' उल्लेख गरिरहनु नपर्ने भएकोले चुरोट कम्पनीहरुलाई खेल र कलाका गतिविधिलाई प्रायोजन गर्नु आकर्षणको कुरा हुँदै आएको छ । यसले गर्दा धुम्रपान समाजाको लागि स्वीकार्य छ भन्ने भावनाको विकास भइरहेको छ ।

धुम्रपान गर्नेको संख्या अधिक भएको नेपालमा पनि खेलकुद, कला र सांस्कृतिक गतिविधिहरुलाई चुरोट कम्पनी प्रायोजन गर्दै आएको छ । सन् १९९३ पछि चुरोट कम्पनीले कलाप्रदर्शनी, सांगीतिक गतिविधि, गाइजात्रा कार्यक्रम, अन्तराष्ट्रिय कराते प्रतिस्पर्धा, फुटबल खेल आदि प्रायोजन गरिरहेको छ । सूर्य टोबाकोले शिखर साँझ भनेर देशका महत्वपूर्ण शहरहरुमा कलाकारहरु लगेर घुम्ति सांस्कृतिक कार्यक्रम चलाउने गरेको छ ।

नेपालमा रहेका चुरोट कम्पनीहरुले आफ्ना उत्पादनहरुको बजार प्रवर्द्धन गर्नको लागि गर्ने गरेको खर्च जम्माजम्मी कती छ भन्ने घोषित तथ्याङ्क छैन । यहां सरकारको मातहत रहेको चुरोट कम्पनीको विज्ञापन खर्च र बजार प्रवर्द्धन खर्च दिइएकोछ ।

तालिका १३ : खर्च विवरण रुपैयाँमा

आ.व.	विज्ञापनमा	बजार प्रवर्द्धनमा
३१ असार २०४०	४४२१२८	५०४६४८
३१ असार २०४१	५४१३३७	१०९४२५२
३१ असार २०४२	८८०४००	१४२८७१९
३१ असार २०४३	७६४६६८	२१२७५९५
३१ असार २०४४	१३५७८९९	१८३०५५८
३१ असार २०४५	२२९६७९५	१९१२४६६
३१ असार २०४६	२३४३४२४	४१४८३२
३१ असार २०४७	११०७५२४	१९९१३४
३१ असार २०४८	१००१५१३	१५२०३४७

तालिका १४ : निजी क्षेत्रको चुरोट कम्पनीले गरेको खर्च (रुपैयाँमा)

आ.व.	विज्ञापनमा	बजार प्रवर्द्धनमा
३१ असार २०४८	१०१५६९१५	६६३८३६९
३१ असार २०४९	१६९०३५५०	१२७३०५२६
३१ असार २०५०	१८९१८०८६	१२१५२३८४
३० चैत्र २०५१	२००४८९००	२१०६०२८८
३१ असार २०५३	३०५१६२५१	२४३२१७३७
३१ असार २०५४	२६४९१४६१	४०१९४८९५

(स्रोत : नखोलेको)

बजार प्रबर्द्धनको लागि छुट्याइएको रकमले यी गतिविधि प्रायोजन गर्छन् । चुरोट कम्पनीहरुले चुरोटको बिक्री बढाउन यस्ता प्रायोजनको महत्वपूर्ण भूमिका हुने कुरा बुझेका छन् । नेपालमा मात्र होइन संसारभरिनै चुरोट कम्पनीहरुले खेलकूदका गतिविधि र खेलाडिहरुलाई प्रायोजन गर्ने गरेका छन् । प्रायोजनले धुम्रपान गर्ने संख्यामा आउने बढोत्तरीले गर्दा विभिन्न देशमा प्रतिबन्ध पनि लगाउन थालिएको छ । संयुक्त राज्य अमेरिकामा खेलकूदका गतिविधिलाई चुरोट कम्पनीले प्रायोजन गर्न पाउँदैन ।

ओलम्पीक खेलमा चुरोटको विज्ञापन र बिक्री वितरणमा रोक लगाइन थालिएको छ । १९८८ मा सिउलमा भएको ओलम्पिक खेल देखि यो प्रावधान शुर भएको छ । चुरोटको विज्ञापन, बजार प्रबर्द्धन, निःशुल्क चुरोट वितरणलाई खेल हुने सबै स्थानमा र सो स्थान वरिपरि रोक लगाइने गरेकोछ ।

प्रायोजन आम मानिसमा सूर्तिका उत्पादनहरु आकर्षक र स्वागतयोग्य जीवनशैलीका वस्तुहरु हुन भन्ने भ्रम दिने शक्तिशाली तरिका भएको छ । जब मानिसले उसको आफ्नो मन पर्ने खेलाडी वा कलाकारलाई हरेक पटक चुरोटको ब्राण्ड र लोगो सहित देख्छ, चुरोटको खराब स्वास्थ्यसँगको सम्बन्ध भन्दा खेलाडीको लोकप्रियता, सफलतासँग चुरोटको सम्बन्ध बढी देख्न थाल्छ । यसले चुरोट प्रतिको आकर्षण बढाउछ ।

चुरोटको विज्ञापन र प्रायोजनले चुरोटको अम्मली बनाउने खतरामा सबभन्दा बढी बालकहरु किशोरहरु पर्छन् ।

खतराको घेराभित्र किशोर

'गतिविधिहरुले धुम्रपान गर्ने जनसंख्यामा बढदो संख्या १४-१८ वर्ष उमेर समूह रहेको देखाइरहेको छ । यदि उद्योगमा आफ्नो स्थान लामो समयसम्म राख्ने हो भने आर जे आर ले चाँडै नै नयाँ ब्राण्डको चुरोट निकाल्नु आवश्यक भैसकेको छ' आर जे रेनोल्डसको भावी योजनाको १५ मार्च १९७६ मा घोषित नीति ।

'हाम्रो कम्पनी लामो समयसम्म राख्ने हो भने हाम्रो बजार किशोरहरुमा विस्तार गर्नु जरुरी छ । यसको लागि नयाँ ब्राण्डको चुरोट किशोरहरुको लागि बनाउनु पर्छ'- क्लाउड टीग, आ जे रेनोल्डका अध्ययनकर्ताको १९७३ को रिपोर्टबाट ।

यी माथिका दुई भनाइले चुरोट कम्पनीहरुले आफ्नो बजार विस्तार गर्ने क्षेत्रको रुपमा किशोरहरु लक्षित गरेका छन् । किशोरहरुको उमेर समूहलाई चुरोटको अम्मली बनाए पछि ती नयाँ उपभोक्ताहरु पाँछ सम्म लाई उपभोक्ता रहनेभए ।

दक्षिण अमेरिकी शहरहरुमा ५० प्रतिशत किशोरहरु धुम्रपान गर्छन् । केन्यामा स्कूल जाने उमेरका ४० प्रतिशत किशोरहरु धुम्रपान गर्छन् । १० वर्ष अगाडि यो प्रतिशत १० मात्रै थियो । दक्षिण कोरियामा अमेरिकी चुरोट कम्पनीको प्रवेश पछि धुम्रपान गर्ने किशोरहरु १८ प्रतिशतबाट बढेर ३० प्रतिशत भए धुम्रपान गर्ने केटीहरु २ प्रतिशतबाट बढेर ९ प्रतिशत पुगेका छन् । यो कुरा विश्व स्वास्थ्य संगठनले आफ्नो रिफोर्टमा उल्लेख गरेको छ ।

सडकमा, गल्ली तिर र स्कूलमा औलाको बीचमा धुँवा उडिरहेको चुरोट च्यापेर तान्दै र अभिभावक र शिक्षकहरुको आँखा छल्न पछाडि लुकाउदै गरेको दृश्य देख्न पाइन्छ । यसले स्कूल जाने उमेरका किशोरहरु पनि चुरोटका अम्मली भएको तथ्य तर्फ संकेत गर्छ ।

विज्ञापनमा देखाइने बलियो, शक्तिशाली, फूर्तिलो हुन चुरोट सेवन गर्नु पर्ने प्रभाव किशोरहरुमा ज्यादै छिटो पर्छ । परिपक्व देखिन पनि किशोरहरु चुरोट सेवन गर्ने गर्छन ।

नेपालमा धुम्रपान गर्ने किशोरहरुको तथ्याङ्क छैन । जुम्लाको बारेमा माथि नै उल्लेख भै सकेको छ । तर संसारभरी नै युवाहरुमा धुम्रपानको लत बढदै गंको छ भने धुम्रपान गर्न शुरु गर्ने उमेर घट्दै गएको छ ।

किशोरहरु किन धुम्रपान गर्छन् भन्ने कुरको पनि विभिन्न ठाउँमा अध्ययन भएको छ । त्यसमा विभिन्न अवस्थामा विभिन्न कारण भेटिएपनि सूर्तिजन्य उत्पादन प्राप्त गर्न सक्ने सम्भावना प्रचुरता, सूर्तिजन्य वस्तुको बजार प्रवर्द्धनको प्रभाव, अभिभावक र अन्य वयस्कबाट प्रभावित र साथी संगतको कारण नै किशोरहरु धुम्रपान गर्ने मुख्य कारणहरु भेटिएका छन् । संयुक्त राज्य अमेरिकामा विज्ञापनले किशोरहरुमा धुम्रपान गर्न उक्साउने प्रभावको बारेमा अध्ययन भएको छ । अत्यधिक विज्ञापन गरिने ३ वटा ब्राण्डका चुरोट ८५ प्रतिशत किशोरहरुले सेवन गर्छन् जबकी यो दर वयस्कमा ३५ प्रतिशत मात्र छ । 'तथ्यहरुले १४-१८ वर्ष उमेरका मानिसहरु धुम्रपान गर्ने बढ्दो जनसंख्या हो भन्ने देखाएको छ ।

तर धुम्रपानले गर्ने हानीकारक अवस्थाबाट र पछिको महामारीबाट बच्नको लागि आजको किशोर र बालबालिकालाई धुम्रपानको अम्मली हुनबाट जोगाउन अत्यन्त आवश्यक छ । विज्ञापनमा प्रतिबन्ध लगाउदा प्रत्यक्ष रुपमा चुरोटको खपत घटने तथ्य एक अध्ययन प्रतिवेदन अनुसार स्पष्ट भइसकेको छ ।

तालिका १५ : विभिन्न देशमा खपतमा आएको कमी

देश	खपतमा कमी प्रतिशतमा
नर्वे	९-१६%
फिनल्याण्ड	६.९%
क्यानडा	४%
न्यूजिल्याण्ड	५.५%

(स्रोत विश्व स्वास्थ्य संगठन)

नेपालका सरकारी सञ्चार माध्यमले सदैव चुरोटको विज्ञापनबाट प्राप्त हुने ठूलो राशी संस्था चलाउन आवश्यक भएको कारण चुरोटको विज्ञापन रोक्न नसकिने बताउदै आएका छन् । केही दिन अगाडिमात्रै सूचना तथ्य सञ्चार मन्त्री महन्थ ठाकूरले विद्युतीय सञ्चारमाध्यमले चुरोटको विज्ञापनबाट प्राप्त गर्दै आएको रकमलाई विस्थापित गर्ने रकम सरकारले व्यवस्था गर्न सकेपछि मात्र विज्ञापनमा रोक लगाउन सकिने कुरा सार्वजनिक रुपमै उल्लेख गर्नु भएको छ ।

तालिका १६ : रेडियो नेपालले प्राप्त गर्ने रकम (सूर्ति सहित) रुपियाँमा

	२०५२/५३	२०५३/५४
जचुकाली	२५ लाख	३० लाख
सूर्य टोबाको	१५लाख	३५ लाख
अन्य	५० लाख	२० लाख

तालिका १७ : नेपाल टेलिभिजनले प्राप्त गर्ने रकम (सूर्ति बाहेक) रुपैयाँमा

२०५३/५४ मा	२४५६६००.००
२०५४/५५मा	४५३०२५५.००

नेपाल टेलिभिजनमा विज्ञापन गर्दा अन्य वस्तुको भन्दा चुरोटको विज्ञापन गर्न लाग्ने रकम २ गुणा बढी रहेको छ । विदेशी चुरोट भएमा सो रकम ४ गुणा बढी पर्छ । बिहान र बेलुका ८ बजेसम्म चुरोटको विज्ञापनमा रोक लगाइएको छ । रेडियो नेपालमा चुरोटको विज्ञापन गर्न लाग्ने रकम अन्य उत्पादनको तुलनामा २ गुणा बढी छ । नेपाल टेलिभिजनका महाप्रबन्धक भन्नुहुन्छ- 'हामीलाई प्राप्त हुने आर्थिक रकम सरकारले व्यवस्था गरे देखि हामी चुरोटको विज्ञापन प्रसारणमा रोक लगाउन सक्छौं । अन्यथा रोक लगाउन सक्ने अवस्था अहिलेलाई छैन ।'

'नेपालमा विज्ञापन सम्बन्धी कुनै ऐननीयम आँहिलेसम्म नबनेको कुरा सूचना तथा सञ्चार मन्त्रालयका प्रवक्ता हुण्डराज खनालले जानकारी दिनुभयो । मन्त्रालयले आँहिले विज्ञापन एने बनाउन एउटा समिति बनाएको छ तर समितिले ऐनको खाका पनि तयार गर्न सकेको छैन । विज्ञापन सम्बन्धी ऐन र नियमावलीमा चुरोट र रक्सीको विज्ञापन गर्नको लागि निश्चित कुरामा रोक लगाउने व्यवस्था भने गर्नुपर्छ'- प्रवक्ता हुण्डराज खनालले भन्नुभयो ।

नेपालमा नियम कानून नभएकोले पनि होला विज्ञापनका होर्डिङ्गहरु राख्न, विज्ञापन गर्न कुनै रोक लागेको छैन । युरोपीय देशहरुमा बालबालिकाहरु र किशोरहरु पुग्ने स्कूल, पार्क क्षेत्रमा विज्ञापनका होर्डिङ्गहरु राख्न पाइदैन । रेडियो र टेलिभिजनमा विज्ञापन गर्न रोक लगाइएको छ । विद्युतीय सञ्चारमाध्यममा विज्ञापन गर्न एसियाका देशहरुमा पनी रोक लगाउन थालिएको छ । हङकङले विज्ञापनमा यस्तो रोक लगाएको केही वर्ष भएको छ । दक्षिण एसियाको श्रीलंकाले पनि यसै वर्षदेखि सरकारी सञ्चारमाध्यममा चुरोटको विज्ञापनलाई रोक लगाएको छ ।

नेपालमा

नेपालमा धुम्रपानको कारण लाग्ने रोगहरुको मात्रा अत्यधिक बढेको कुरा डाक्टरहरु बताउछन् । धुम्रपानले धेरै किसिमको क्यान्सर लगाउने गर्छ । बीर अस्पतालको क्यान्सर युनिटमा रोगीको चाप अत्यधिक बढ्दै गएको छ । सूर्ती र खैनीको कारण हुने मुख र घाँटीको क्यान्सरको चाप विगत एक वर्ष देखि अत्यधिक बढ्दै गएको छ ।

नेपालमा क्यान्सर रोग सम्बन्धीत भरपर्दो अध्ययन भएको छैन । काठमाडौं स्थित बीर अस्पताल, शिक्षण अस्पताल, कान्ति बाल अस्पताल, प्रसुति गृह र पाटन अस्पतालमा संकलन गरिएको तथ्याङ्क यहाँ दिइएको छ ।

तालिका १८ : (डा. अन्जनीकुमार शर्माको रिपोर्ट)

१९८९	१७%
१९९०	१८.१%
१९९१	१९%
१९९२	२२.२%
१९९४	२३%
१९९६	२३.८%

तालिका १९ : स्वास नलीमा भएको क्यान्सरमा १९८८ मा संकलन गरिएको तथ्याङ्क

केन्द्रीय प्रयोगशाला	११%
शिक्षण अस्पताल	१२%
अर्बुद रोग निवारण संस्था	१४%

नेपालमा धुम्रपानलाई रोक लगाउने नियमहरु पनि बनाउन थालिएको छ । आँधिल्लो पटक गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएको बखत प्रधानमन्त्रीले म सार्वजनिक ठाउँमा धुम्रपान गर्दिन भनेर घोषणा गर्नुभयो । सार्वजनिक ठाउँमा धुम्रपान गर्न रोक लगाउने नियम बनाइयो । यातायातका साधन, सीनेमा हल, सरकारी कार्यालयहरुमा धुम्रपान गर्न नपाइने सूचना टाँगिएको छ । तर नियमको पालना भने राम्रोसँग हुन सकेको छैन ।

हरेक प्याक चुरोटमा 'धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ' भन्ने उल्लेख गर्नुपर्छ । केही वर्ष देखि चुरोटको प्रत्येक खिल्लीमा स्वास्थ्यकर लगाइन शुरु भएको छ । शुरुमा प्रतिखिल्ली १ पैसा स्वास्थ्य कर लाग्नेमा अहिले २ पैसा कायम गरिएको छ । सो कर व्यवस्थापन गर्न स्वास्थ्यकर कोष सञ्चालन समिति स्वास्थ्य मन्त्रालय अन्तर्गत कार्यरत छ ।

तालिका २० : स्वास्थ्यकर कोषमा जम्मा हुन आएको रकम र व्यय रुपैयाँमा

आय		व्यय	
०५०।५१ आ.व. मा म.ले.नि.काबाट प्राप्त	५,४२९६९५४।१७	बी.पी.को.मे. क्यान्सर अस्पताललाई अनुदान गएको	५,४०००००।
आ.व.०५१।५२ मा स्वास्थ्यकर कोष सञ्चालन समितिलाई स्वा.म.बाट बाँकी हस्तान्तरण २९६९५४।१७ म.ले.नि.का.बाट निकासा	छैन ।	सञ्चालक समितिको सञ्चालन खर्च	१९९५.४।
आ.व. ०५२।५३ मा म.ले.नि.का.बाट निकासा प्राप्त	१६०००००००।	१. बी.पी.को.मे. क्यान्सर अस्पताललाई अनुदान निकासा २. समितिको सञ्चालन तर्फ प्रशासनिक खर्च	१२०००००००। ३८८०७।
आ.व. ०५३।५४ मा म.ले.नि. काबाट निकासा प्राप्त	२००००००००।	१. बी.पी.को.मे. क्यान्सर अस्पताललाई अनुदान २. क्यान्सर रिलिफ सोसाइटीलाई अनुदान ३. समितिको सञ्चालन खर्च	१५००००००००। २५०००००। १०८५००।
आ.व. ०५४।५५ मा म.ले.नि.का.बाट ने.रा. बैंकको खाता नै हस्तान्तरण भै ०५४ पुस मसान्त सम्मको निकासा प्राप्त	२३६०३४१०७१०	१. बी.पी.को.मे. क्यान्सर अस्पताललाई अनुदान गरेको २. मृगेन्द्र सम्झना चिकित्सा गुठी ३. शहीद गंगालाल हृदयरोग केन्द्र ४. क्यान्सर रिलिफ सोसाइटी ५. सञ्चालन खर्च ०५५ वैशाख सम्मको	१७७०२५५८०।३२ ५५३२६५। ३००००००। ३०००००। १०९९२१।८५
	६५०३३१०६२।२७		२१०६८८७६७।१०
		कुल जम्मा	५,३७३५६०२९।१७

चुरोटमा लगाइने स्वास्थ्यकरको रकम चुरोटको उत्पादनको आधारमा जम्मा हुन्छ । धेरै चुरोट खपत भयो, धेरै चुरोट उत्पादन भयो भने स्वास्थ्यकको रकम पनि धेरै जम्मा हुन्छ । अर्थात् धेरै स्वास्थ्यकर जम्मा गर्न धेरै चुरोट खपत हुनुपर्ने हुन्छ । धेरै चुरोट खपत हुन चुरोट अम्मलीको संख्या बढ्नु पर्छ । अम्मलीले धेरै चुरोट खपत गर्नु पर्छ । त्यसबाट हानी पनि धेरै थपिन्छ । स्वास्थ्यकरसँग प्रत्यक्ष सरोकार देखिएका संस्थाहरुको सोचाइ चुरोटको खपत घटोस भन्ने भन्दा स्वास्थ्यकरको रकम बढी जम्मा होस् भन्ने पक्षमा

रहेको देखिएको छ । यसरी धुम्रपान अम्मलीहरुलाई धुम्रपान गर्दै गर, पछि हुने स्वास्थ्य समस्यालाई तिमीले तिरेको स्वास्थ्यकरबाट उपचार गरिने छ । चिन्ता नगर भने जस्तो देखिएको छ ।

नेपालमा हुने धुम्रपान र सूर्ती सेवन सम्बन्धी अध्ययनहरु हुनु अति आवश्यक भएको छ । त्यसको लागि निम्न विषयहरु उपयुक्त हुन सक्छन् ।

(१) नेपालमा धुम्रपान र सूर्ती सेवनको प्रवृति कस्तो छ ? किशोरहरुमा धुम्रपान गर्ने प्रवृत्ति कसरी बढीरहेको छ ?

(२) चुरोट र सूर्तीजन्य वस्तुको विज्ञापनले नेपालका उपभोक्तामा परेको असर कस्तो छ ? यसलाई कसरी कम गर्न सकिन्छ ?

(३) धुम्रपान र सूर्ती सेवनले जनस्वास्थ्यमा पारिरहेको असर कस्तो छ ?

(४) धुम्रपान र सूर्ती सेवनको कारण उब्जिएका स्वास्थ्य समस्या समाधान गर्न कति रकम लगानी भइरहेको छ । यस मध्ये सरकारले कति रकम लगानी गरेको छ र रोगीले कती रकम व्यहोर्नु पर्छ ?

(५) सम्पूर्ण रकम सरकारले व्यहोर्नुपरेको खण्डमा कस्तो अवस्था आइपर्ला ?

(६) सरकारले धुम्रपान र सूर्ती सेवनप्रति लिनुपर्ने नीति कस्तो हुनु आवश्यक छ ?

स्थलगत अध्ययन

रामकोट गा.वि.स. काठमाडौं जिल्लामा पश्चिमतिर पर्ने गा.वि.स. हो । काठमाडौं महानगरपालिका स्वयंभू चक्रपथबाट ६ किलोमिटर पश्चिममा रामकोट गा.वि.स पर्छ । चक्रपथबाट भीमढुङ्गा चल्ने नियमित सवारी साधन रामकोट गा.वि.स भएर चल्छ । कच्ची सडक पुगेको छ । रेडियो, टेलिभिजन टेलिफोन आदि जस्ता आधुनिक सञ्चारका माध्यम प्रचलनमा छन् । नयाँ व्यवसायहरु पनि रामकोट गा.वि.स.का मानिसहरुले अपनाइरहेका छन् । यद्यपी परम्परागत पेशा, व्यवसाय, चालचलन पनि व्यवहारमा छन् ।

रामकोट गा.वि.स मा आधुनिक चालचलन शुरु भएको भएपनि परम्परा छोडि सकेको छैन । रंगीन बट्टाका चुरोट, सूर्ति र खैनीको प्रचलन भइरहेको छ । तमाखुको प्रचालन हराइसकेको छैन । चुरोट र खैनीका विज्ञापनका भित्ते लेखन र सञ्चार माध्यमका विज्ञापन संगै सूर्ति वा चुरोटले खराबी गर्छ भन्ने सन्देश पनि पुगिसकेको छ । राजधानी काठमाडौंबाट नजिकै रहेको तर महानगरीय छाप परिनसकेको रामकोट गा.वि.स. परम्परा र आधुनिकताको दोसाधमा रहेको स्थान हो । यसकारण धुम्रपान र सूर्ति सेवनको स्थलगत अध्ययनको थलोको रुपमा छानिएको हो ।

रामकोट गा.वि.स. को जनसंख्याको तथ्याङ्क गा.वि.स कार्यालयसंग पनि छैन । गा.वि.स अध्यक्षले गा.वि.स. को जनसंख्या अनुमान गर्न पनि नसक्ने बताए । बडा न. ४ का बडाअध्यक्ष पूर्ण बहादुर मानन्धरले जनसंख्याको कुनै पनि तथ्य संकलन नगरेको बताउदै पुरानो मतदाता संख्यासम्म खोज्यो भने भेटिएला भन्ने अनुमान व्यक्त गर्नुभयो ।

रामकोट वासीहरुमा आपनो धुम्रपान सम्बन्धि आचारणको बारेमा कुरा गर्न इच्छुक नभएको बताउने संख्या निकै थियो । खास गरी युवाहरुसंग यो अनुभव भयो । केही व्यक्तिहरु कुरागर्न सजिलै इच्छुक पनि भए ।
कुरा गरिएका व्यक्तिहरुसंग एउटै प्रश्नहरु गर्ने प्रयास गरिएको थियो कुनै प्रश्नको उत्तर अर्कै आउँदा त्यसलाई अर्कै रुपमा सोध्नु परेको थियो । प्रश्नहरु निम्न प्रकारका थिए ।

१. नाम २. उमेर ३. लिङ्ग ४. विवाहित/अविविाहित ५- शिक्षा ६. परिवार ७.व्यवसाय
८. परिवारको आर्थिक स्थिति उत्तर दाताको विचार ९.धुम्रपान शुरु गर्दाको उमेर ?
१०. धुम्रपान कसरी सिक्नुभयो ? कसले सिकायो ? ११.दिनमा कति चुरोट सेवन गर्ने गर्नुभएको छ ?
१२. कुन ब्राण्डको चुरोट सेवन गर्ने गर्नु हुन्छ ? १३. चुरोट बाहेक धुम्रपान/सूर्ति सेवनमा अरु के गर्नु हुन्छ ?
१४. धुम्रपानको स्वास्थ्यमा गर्ने खराबीको बारेमा थाहा छ ? १५.त्यसो भए चुरोट किन नछोड्नु भएको ?
१६. धुम्रपान छोड्ने प्रयास गर्नु भएको छ ? १७.कुनै रोग लागेको छ कि ?
१८. तपाईको वरपर अरु व्यक्तिको धुम्रपान गर्छन् ?

उत्तरदाताहरुलाई बीना पूर्व योजना भेटेको ठाउँमा कुरा गरिएको थियो । उत्तरदाताहरुले दिएको उत्तरलाई प्रश्नको क्रमसंग क्रम मिलाएर प्रस्तुत गरिएको छ । यसले धुम्रपानको प्रचलनलाई अध्ययन गर्न महत पुऱ्याउने छ भन्ने आशा छ ।

१. १.भक्त बहादुर मानन्धर २.४५ वर्ष ३. पुरुष ४.विवाहित ५.साधारण लेखपढ गर्न जानेको
६. ६ जना, छोरा -२ छोरी-२ श्रीमती ७. कृषि, ट्रक सञ्चालन ८. मध्यमस्तरको ९. १६ वर्ष
१०. साथी संगतमा लागेर, कस्तो हुन्छ विचार गर्न ११.१ प्याकेड (२० खिल्ली) १२.याक, शिखर १३.छैन
१४. थाहा छ १५.मनमा कुरा खेलेर, तलतल लाग्छ र छोड्न सकिन १६.गरेको त हो । ५ वर्ष अगाडि ४ महिना छोडेको थिए ।
१७. अहिलेसम्म केही भएको छैन । १८.मेरी श्रीमतीले खान्छे । प्राय: सबै नै होलान् ।

२. १.प्रेमबहादुर मानन्धर २.३६ ३.पुरुष ४.विवाहित ५.लेखपढ गर्नसक्ने ६.९ जना छोरा २ छोरी ३ श्रीमती २ आमा
७. कृषि, पसल चलाउने ८.खान लाउन पुग्छ ९.२१/२२ वर्ष
१०. साथीलाई चुरोट किन्दा तेरो पैसा परेको अलिकति तान भनेर साथीले जोड गर्दा सिकेको । ११.१० खिल्ली
१२. याक १३.छैन (पहिले सूर्ति खाने गरेको/छोडेको २ वर्ष भयो) १४.थाहा छ । १५.छोड्न नसकेर ।
१६. ४ वर्ष अगाडि १९ महिना छोडेको थिए १७.छैन । १८.आमा र श्रीमतीले धुम्रपान गर्छन् ।

३. १.रविन्द्र कुमार शाह २.१९ वर्ष ३.पुरुष ४.अविवाहित ५.एस.एल.सी. ६.३ जना हजुर आमा, आमा
७. कृषि ८.खान पुग्छ । ९.धुम्रपात गर्ने गरेको छैन । धुम्रपानले खराबी गर्छ भन्ने थाहा छ । मन पर्दैन ।

४. १.सुनील पुरी २.३४ वर्ष ३. पुरुष ४.विवाहित ५.स्कूल पढ्दा पढ्दै छोडेको ६.७ जना बा, आमा, श्रीमती
७. चलचित्र कलाकार, छोरा १ छोरी २ ८.खानलाउन पुग्ने ९.१० वर्ष
१०. साथीहरुको संगतमा परेर खैनी खान शुरु गरेको, चुरोट कस्तो हुन्छ भन्ने उत्सुकतामा सिकोको । ११.एकबट्टा (२० खिल्ली)
१२. शीखर । १३.केही छैन । १४.थाहा छ । १५.छोड्न नसकेर, साथीसंगतको कारण
१६. गरेको छु । मेरो खाने छोड्ने भैरहेछ । छोडेको साथीसंथबाट शुरु हुन्छ । १७.छैन । १८.सथीहरु सबै खान्छन् ।

५. १. तेजबहादुर मानन्धर २.२० वर्ष ३.पुरुष ४.रामकोट डाडाचौर ५.आइ.ए. ६.६ जना बुवा, आमा दाई र बहिनी २
७. केही छैन। ८.थाहा छैन। ९.१३ वर्ष १०.स्कूलमा साथीहरुको संगतबाट
११. अहिले छोडेको। ५ महिना जति भयो। खैनी खाने गरेको। चुरोटत कलिह कहीमात्र हो। दांत हल्लीन थालेर छोडेको।
१२. - १३.पहिले सूर्ति खैनी मात्र १४.थाहा छ।

६. १ राजेन्द्र मानन्धर २.२१ वर्ष ३.पुरुष ४.अविवाहित ५.वि.वि.एस. ६.थाह छैन (नभनेको) ७.पढ्दै
८. खान लाउन पुग्ने छ। ९.१३ वर्ष १०.साथी संगतमा परेर ११.५/६ वटा १२. शीखर १३.खैनी/सूर्ति
१४. थाहा छ। १५.किन छोड्नु भनेर नै हो। १६.छैन। १७.छैन। १८.साथीहरु धेरै जसो चुरोट वा सूर्ति सेवन गर्छन।

७. १ प्रदीप मानन्धर २.२४ वर्ष ३.पुरुष ४.अविवाहित ५.एस.एल.सी. ६.(नभनेको) ७.खेतीपाती
८. ठिकै छ (खानलाउन दु:ख छैन) ९.१७ वर्ष १०.साथीहरुबाट कस्तो हुन्छ भन्ने उत्सकुतासे ११.१२ (खिल्ली)
१२. शीखर १३.छैन। १४.थाहा छ। १५.छोड्ने विचार छ। १६.अर्को नयां वर्षमा छोड्नु पर्छ। १७.छैन।
१८. यहा धेरै जस्तोले धुम्रपान गर्छन्। नगर्ने त कमै भेट्टाउनु हुन्छ।

८. १. तीर्थ मानन्धर २. २८ वर्ष ३.पुरुष ४.विवाहित ५.पढलेख गर्न जान्ने ६.५ जना, श्रीमती, आमा, छोरा, १ छोरी १
७. कृषि/पसल ८.ठिकै छ। ९.८ वर्ष १०.खैनी सिकेको कस्तो हुदो रैछ भनेर। पछि चुरोट सिकेको ११. २/३ खिल्लीमात्र
१२. याक १३.छैन। १४. छ। १५.छोड्ने हो छोड्न सकिन्छ। तर चित्ताको कारण नछोडेको। १६.छैन।
१७. छैन। १८. थाहा छैन।

९. १.रामकुमार मानन्धर २.१ वर्ष ३.पुरुष ४.विवाहित ५.पढ्न लेख्न जान्ने ६.श्रीमती, आमा, बा
७. कृषि/ कपडा बुन्ने काम पनि गर्ने। ८.खान पुग्छ। ९.१३ वर्ष १०.साथीले सिकाएको ११.५ खिल्ली १२.शीखर
१३ सूर्ति/सूर्ति छोडेको १४.थाहा छ। १५.छोड्दै छु। १६.अब छोड्ने १७.रोग लागेको छैन। १८.साथीहरु सबै खान्छ।

१० १.सीताराम पुरी २.६६ वर्ष ३.पुरुष ४.विवाहित ५.अलिअलि पढ्न जानेको ६.११ जना, श्रमिती, छोरी ६- छोरा ३
७. खेती पाती ८.लाउन खान ९.९ वर्ष १०.अरुले खाएको देखेर खान मन लागेको ११.एक बट्टा (२०खिल्ली) १२.याक
१३. तमाखु (विहान बेलुका) १४.खै अहिले सम्मत गरेको छैन। के खराबी गर्ला र।
१५. अरु कहाँ जादा अरुले चुरोट खाने आफूलाई पनि खान मन लाग्ने भएकोले नछोडेको।
१६. बीच बाँचमा छोडेको छु। अहिले ७ महिना छोडेर १५ दिन आजै भयो शुरु गरेको। १७.छैन। १८.थाहा छैन।

११. १. रामबहादुर मानन्धर २.६० वर्ष ३.पुरुष ४.विवाहित ५.लेखपढ गर्न सम्म सक्छु। ६.छोरी-४ छोरा-३
७. किसानी ८.खान लाउन पुग्याएको छु। ९.८ वर्षको उमेर देखि १०.बुढा मान्छेहरुले सल्काएरले भनेर सल्काउन तान्दा तान्दै सिकेको। ११. अहिले छोडिको छु। १२.पहिला १०/१२ खिल्ली खुकुरी, आरम) १३.केही छैन। १४.थाह भयो
१५. चुरोट छोडेको ९ वर्ष भयो। १६.- १७.दम र पेटको बिरामीले गर्दा चुरोट छोडेको १८.हामीले भन्नेकुरा हो।इन।

१२. १.रामशरण पुरी २.५१ वर्ष ३.पुरुष ४.विवाहित ५.लेखपढ ६.(नभनेको) ७.कृषि ८.खानल्याउन अहिलेसम्म पुगेको
९. ६ वर्ष १०.बा, हजुरबाले चुरोट तमाखु सल्काउन लगाउँदा सिकेको। ११.अहिले छोडे २ बट्टा (४० खिल्ली) १२.बिजुली
१३. छैन। १४.थाहाँ भयो भनौ न। १५.चुरोट छोडेको ४ वर्ष भयो। १६.- १७.खोकीले सताएको थियो।
१८. तपाईले यो गाउमा ५ प्रतिशत पनि भेटाउनु हुन्न सूर्ति सेवनका धुम्रपान नगर्ने।

१३. १.सानुकाजी पुरी २.५९ वर्ष ३.पुरुष ४.विवाहित ५.ढलेख साधारण ६.छोरा १ छोरी ४ श्रीमती ७.खेतीपाती
८. खान ल्याउन पुग्नेछ ९.१२ वर्ष देखि १०.साथीसंगतबाट ११.दिनको १ बट्टा (२० खिल्ली) १२.खुकुरी
१३. अहिले केही पनि छैन। पहिले तमाखु। १४.थाह छ। १५.छोडेको २ वर्ष भयो। १६.-
१७. घाटी ख्यार ऋयार बज्ने भएको थियो। १८.थाह भएन।

१४. १. सुकलक्ष्मी मानन्धर २.५८ वर्ष ३.महिला ४.विवाहित ५.असाक्षर ६.४ छोरी ३ छोरा श्रीमान ७.कृषि
८. थाहाँ छैन ९.१० वर्षसम्म १०.साथीसंगतमा दाउरा गर्न जंगल जादा ११.१ बट्टा (२० खिल्ली) १२. खुकुरी
१३. छैन। १४.थाहाँ छ। १५.तलतल लागेर छोड्न नसकेको १६.प्रयास गरेको छु। १७.खोकी लागेको छु। दम छ
१८. सबैले खान्छन्।

१५. १. सुन्तली तामाङ २.३७ वर्ष ३.महिला ४.विवाहित ५.- ६.नभनेको ७.कृषि
८. अरुको म पनि काम गरेर खान पुग्याइन्छ। ९.८ वर्ष १०.साथीहरुबाट/ कसतोहोला भनेर विचार गर्दा
११. १ बट्टा (२०खिल्ली) १२.बिजुली १३.छैन। १४.खै के खराबी गर्ला। खराबी गर्छ त भन्छ। १५.त्यतिकै १६. गरेको छैन। १७.छैन १८.सबैले खानछ नखाने को छ र।

१६. १. कान्छाराम तामाङ २.१८ वर्ष ३.पुरुष ४.विवाहित ५.अली अली पढ्न जानको ६.श्रीमतीमात्र
७. खेती/ कुल्ली ८.खान पुग्याउनु पर्छ। ९.५/६ वर्षमै होला १०.ठूलो मान्छेको देखी सिकी गर्दा
११. १ बट्टाले २ दिन (१० खिल्ली) १२.बिजुली १३.छैन। १४.अँ। सबै त्यसै भन्छन होला जस्तो लाग्दैन।
१५. छोडन मन नलागेर १६.छैन। १७.छैन १८.साथीहरु सबैजना खान्छ।

१७. १.हरि कार्की २.३४ वर्ष ३.महिला ४.अविवाहित ५.लेखपढ गर्न जान्ने छ ६.- ७.खेती किसानी ८.- ९.८ वर्ष
१०. वाले तमाखु सलकाएरले भन्ने तमाखु हाल भन्ने त्यसपछि तान्न भन्ने। त्यसो गर्दा गर्दै सिकियो। ११.१० खिल्ली
१२. खुकुरी/बिजुली १३.छैन। १४.थाहा छ। १५.खै, सकिन। १६.गरेको त हो काम लागेन। १७.खोकी, अलिअलि दम छ।
१८. गाउँमा उमेर अंकित भएका छोरीहरु खादैनन्। बुहारी हरु धेरै जसो खान्छन्।

१८. १. चन्द्र बहादुर मगर २.३२ वर्ष ३.पुरुष ४.बिवाहित ५.जानेको छैन ६.- ७.कुल्ली काम (मजदुरी)
८. पालकिं छ भनौ न। ९.१० वर्षसम्म होला चुरोट खान थालेको १०.भाई साथी संग भेला ज्यादा सिकेको ११.१० खिल्ली
१२. बिजुली १३.छैन। १४.थाहा छैन। १५.किन छोडने भनेर १६.- १७.छैन १८.साथीहरु सपपै त खान्छ।

१९. १. राम कृष्ण मगर २.२६ वर्ष ३.पुरुष ४.विवाहित ५.जानेको छैन ६.- ७.मजदुरी (कुल्ली)
८. मुजदुरी गरेर परिवार पाल्ने हो। ९.११/१२ वर्ष होला १०.साथीहरुसंग जंगल, गोठाला जादाँ सिसेको
११. १०/१२ खिल्ली १२.बिजुली १३.छैन १४.थाहा छैन। १५.किन छोड्न पर्छ र? १६.- १७.छैन
१८. सबै साथी भाई चुरोट सूर्ति खान्छ।

२०. १. बालकुमारी सार्की २.३३ वर्ष ३.महिला ४.विवाहित ५.पढन जानेको छैन। ६.श्रमिान छोरा २ छोरी २
७. मजदुरी ८. मजदुरी गरेर छोरा छोरी पाल्ने हो। ९.७ वर्षको उमेर जस्तोमा
१०. बन गोठालोमा जादा सालको पातमा धएरोको पात मिचेर बेरेर सल्काएर तान्दै सिकेको, साथीसंगी संग।
११. ठेगाना हुदैन। ५/६ खिल्ली पनि हुन्छ। २० खिल्ली पनि हुन्छ। १२.बिजुली आफूले किन्दा १३.छैन। १४.थाहा छ।
१५. छोड्न मन लाग्दैन। १६.छोड्ने विचार छैन। १७.रोग लागेको छैन। १८.-

२१.१. बाबुराम खनाल २.५४ वर्ष ३.पुरुष ४.विवाहित ५.नसोधेको ६.(नभनेको) ७.खेती पाती ८.खान लाउन पुग्छ
९. ६ वर्ष १०.हजुरबाले तमाखु खाने हुनाले सलकाउन लगाउने। तमाखु सल्काउँछ सलकाउदै सिकेको।
११. १० खिल्ली १२.जुन ब्राण्डभएपनि हुन्छ (आफूले किन्दा याक) १३.कहिले काही सूर्ति खाने। १४.थाहा छ।
१५. अम्मल छोडन सकिदोरैन्छ। १६.प्रयास गरेको छु। १७.छैन १८.कसैले खान्छन् कसैले खादैनन्।

२२. १.मुकुन्द खनाल २.२२ वर्ष ३.पुरुष ४.अविवाहित ५.आए. ए ६.- ७.पढ्ने ८.- ९.यकिन यतिनै भन्ने छैन।
(कहिले काही खेनी खाने हो) १०.सकूल क्याम्पससम्म साथीको लहलहेमा खाने। ११.कहिले काही खाने
१२. बलवान छाप खैनी १३.अरु छैन। १४.थाहा छ १५.नखाने विचारसम्म छु। १६.- १७.छैन १८.(भन्न नचाहेको)

२३. १. सानुमाया खत्री २.४२ वर्ष ३.महिला ४.विवाहित ५.निरक्षर ६.२ छोरा ३ छोरी ७.खेतीपाती/मजदूर
८. १ निम्न स्तर ९.१०/११ वर्षसम्म १०.दिदीहरु, साथीहरुको करले तान्दा तान्दै सिकेको ११.१ बट्टा (२० खिल्ली)
१२. बिजुलीज १३.छैन। १४.छैन। १५.खै छोडेको छैन। १६.- १७.खोकी, दम छ
१८. हाम्रो टोलमा चुरोट खाने धेरै नै छन्।

२४. १. अर्जुन पुरी २.५५ वर्ष ३.पुरुष ४.बिवाहित ५.शिक्षित ६.- ७.सरकारी कार्यालयमा जागिर, कृषि
८. खान लाउन पुग्छ। ९.१२ वर्ष १०.अरुले खाएको देख्दा कस्तो हुन्छ भन्ने बिचार गर्न ११.१ बट्टा (२० खिल्ली)
१२. याक, शीखर १३.बिहान बेलुका तमाखु खाने गरेको। १४.थाहा छ। १५.छोड्न नसकेर
१६. प्रयास गरेको हो। बीचमा १ महिना जति छोडे पनि। १७.कहिले काही खोकी लाग्छ। १८.खै अरुको त थाहा छैन।

२५. १. नमराज पुरी २.१९ वर्ष ३.पुरुष ४.अविवाहित ५.एस.एल.एसी. ६.- ७.केही छैन, ८.-
९. १३ वर्षसम्म सूर्तिबाट शुरुभएको १०.साथी संगतबाट कस्ता हुन्छभन्ने विचार गर्न सूर्ति खाने गरेको पछि चुरोट पनि शु
गरेको ११.५/६ वटा खिल्ली १२.शीखर १३.सूर्ति १४.थाहा छ। १५.छोड्न नसकेको १६.- १७.रोग छैन।
१८. धेरै जसो केटाहरु खान्छन्। नखाने त कोही कोही मात्र भेटिन्छ।

२६. १.सावित्री पुरी २.३१ वर्ष ३.महिला ४.विवाहित ५.निरक्षर ६.१ छोरी ७.खेतीपाती ८.खान पुऱ्याउनु पर्छ
९. २५ वर्षमा १०.लाग्ने कान्छी ल्यायो चिन्ता हटाउन चुरोट तान्न शुरु गरेको। ११.१० खिल्ली ले पुग्छ
१२. बिजुली १३.छैन १४.थाहा छ। १५.छोड्ने सकिदेन होला १६.- १७.छैन १८.थाहा छैन।

२७. १. गणेश बहादुर पुरी २.६८ वर्ष ३.पुरुष ४.बिवाहित ५.निरक्षर ६.- ७.खेती किसानी ८.खान लाउन पुग्छ।
९. १२ वर्षमा १०.साथीहरुबाट सिकेको ११.पहिला शुरुमा ९/१० खिल्ली खाइन्थ्यो। पछि ३५/४० खिल्ली सम्म पुग्यो
अहिले छोडे। १२.- १३.केही पनि छैन। (पहिला तमाखु पनि) १४.थाहा भयो। १५.छोडेको ६ वर्ष भयो।
१६. - १७.दम शुरु भयो (डाक्टरले धुम्रपान छोड्न भन्यो) १८.वै अरुको हामीलाई के थाहा।

२८. १. माधव प्रसाद दाहाल २.५६ वर्ष ३.पुरुष ४.विवाहित ५.साक्षर ६.छोरा १ छोरी २
७. खेतीपाती (जागिरबाट अवकाश प्राप्त) ८.खानलाउन पुग्छ (दुखछैन) ९.७ वर्षमा
१०. बुढाहरुले तमाखु हाल तान सलका भन्थे। त्यस्तो गर्दा बानी पऱ्यो। ११.१० खिल्ली १२.गैडा १३.तमाखु (घरमा बस्दा)
१४. थाहा छ। १५.सरसंगतले गर्दा छोड्न नसकेको १६.२ वर्ष जति छोडेर फेरी शुरुभएको १७.छैन।
१८. अरुको बारेमा के भनौं र।

२९. १. लक्ष्मीबहादुर गिरी २.७९ वर्ष ३.पुरुष ४.बिवाहित ५.साक्षर ६.- ७.खेती किसानी ८.खान ल्याउन पुग्ने छ।
९. १८/१९ वर्षमा १०.साथी संगतबाट कर गरेर सिकियो ११.५ खिल्ली जति (बिहान बेलुका तमाखु)
१२. गैडा (पैसा हुदा याक) १३.तमाखु, खैनी, सूर्ति सबै हो। १४.थाहा छ। १५.४ महिना भयो छोडेको १६.-
१७. पेटको रोगी, नून र भात नखाउको १३ वर्ष भयो। डाक्टरले भनेर चुरोट पनि अहिले छोडेको। १८.-

३०. १.सीता खनाल २.१८ वर्ष ३.महिला ४.अविवाहित ५.आइ.ए. ६.- ७.छैन ८.खान लाउन पुग्छ
९. धुम्रपान गर्ने गरेको छैन। मनै पर्दैन। हाम्रो गाउँमा अन्य ठाउँमा भन्दा बढी धुम्रपान गर्छन्।

३१. १.चनमति पुरी २.६४ वर्ष ३.महिला ४.विवाहित ५.निरक्षर ६.- ७.खेती किसानी ८.खानलाउन पुग्ने
९. १४ वर्षमा १०.गाँठालो जाँदा साथीहरु सग सिकेको। ११.अहिले छोडेको छु। (पहिला ठेगान थिएन ५/१० खिल्ली)
१२. - १३.केही पनि छैन। १४.थाहा भयो १५.छोडेको छ। १६.४ वर्ष भयो १७.खोकी लागेर चुरोट छोडेको
१८. थाहा छैन। खाँदा हुन नी।

३२. १. सीताराम पुरी २.६८ वर्ष ३.पुरुष ४.बिवाहित ५.निरक्षर ६.- (नभनेको) ७.खेती किसानी ८.खान पुग्छ नै
९. १८ वर्षमा १०.पैसा कमाउन थालेपछि अरुले खाएको देखेर सिको गरेको ११.१० खिल्ली (अहिले चुरोट छोडेको)
१२. - १३.सूर्ति खाने गरेको १४.थाहा छ। १५.चुरोट छोडेको छ। सूर्ति छोडन सकिन १६.चुरोट खान छोडेको २ वर्ष भयो
१७. खोकी लागेर चुरोट छोडेको १८.खान्छन् थाहा त धेरै जसो नै चुरोट खान्छन्।

३३. १.रामबहादुर पुरी २.७५ वर्ष ३.पुरुष ४.बिवाहित ५.पढ लेख गर्न सक्ने ६.नसोधेको ७.खेती किसानी
८. खान लाउन पुगेकै छ। ९.१४ वर्षमा १०.अरुको देखासिकीमा ११.२ बट्टा (४० खिल्ली) (अहिले छोडेको)
१२. खुकुरी १३.तमाखु खानेगरेकोमा छोडेको १४.थाहा छ। १५.चुरोट तमाखु दुवै छोडेको
१६. छोडेको ७ वर्ष भयो। १७.बिरामी भएर छोडेको १८.अरुको कुरा नगरौं।

३४. १. भक्तकुमारी पुरी २.८४ वर्ष ३.महिला ४.बाल बिधवा ५.निरक्षर ६.- ७.खान लाउन पुऱ्याएकै छु।
८. - ९.६/७ वर्षको उमेर देखि १०.साथीहरुले सिकाएका ११.४/५ खिल्ली १२.जुन भएपनि हुन्छ।
१३. तमाखु १४.खराबी गर्छ भनेर पछि थाहा भयो। १५.तलतल मेटाउन नसक्ने भएर
१६. अस्पताल बस्दा पनि छोड्न सकिएन १७.दम छ, खोकी छ। १८.-

३५. १. मन पुरी २.२७ वर्ष ३.महिला ४.विवाहित ५.पढ्न सक्ने ६.२ छोरा ७.खेती किसानी, श्रीमानको जागीर
८. खानलाउन दु:ख छैन ९.१२ र १३ वर्षमा तान्न सिकेको १०.सुत्ने बेलामा साथीहरु दिदीहरुले तान न तान भनेर भन्थे र
तान्थे। तानें पछि खोकी लाग्छ। मनै पर्दैन। ११.कहिले काही आजै हो। १२.थाहा छैन। १३.छैन

१४.थाहा छ छोराहरु पनि चुरोटले खराब गर्छ भन्छन्। १५.छोड्ने र खाने ने भएको छैन। १६.छोड्ने सकिन्छ। १७. रोग लागेको छैन। १८.अरु आइमाइपनि चुरोट खान्छन्। लुकेर खान्छन्।

३५. १.चन्द्रमाया कार्की २.१६ वर्ष ३.महिला ४.अविवाहित ५.एस.एल.सी. ६.- ७.केही छैन। ८.खानलाउन पुरने
९. स्यस्तो लगातार चुरोट त खाइदैन (कहिलेकाही तान्ने गरेको १३ वर्ष देखि हो। १०.भाउजुहरुले तान्न सिकाउनुभएको
११. कहिले काही मात्र १२.थाहा छैन १३.छैन १४.थाहा छ। १५.- १६.छोड्न सकिन्छ। १७.रोगलागेको छैन।
१८. कोही खान्छन, कोही खादैनन्।

३७. १. लक्ष्मण पुरी २.३२ वर्ष ३.पुरुष ४.विवाहित ५.शिक्षित ६.२ छोरी १ छोरा ७.कृषि/ जागीर ८.मध्यम
९. १४ वर्षमा १०.साथीहरुबाट ११.१० खिल्ली जति १२.शिखर (याक) १३.अरु छैन १४.थाहा छ।
१५. तलतल लाग्ने भएर १६.छोड्न खोजेकै छैन। १७.रोग स्यस्तो केही छैन। १८.खाने पनि छन्। नखाने पनि छन्।

३८. १. मानी कान्छी पुरी २.७४ वर्ष ३.महिला ४.विवाहित ५.निरक्षर ६.- ७.खेती पाती ८.खान पुग्छ
९. १५ वर्षको उमेरमा १०.जगल जादा काममा जादा अरुले खा खा भनेर सिकेको
११. आहिले छोडेको (पहिला मेला जादा अलि अलि खाने गरेको) १२.- १३.छिएन १४.थाहा भयो १५.छोडेको
१६. ३० वर्षभयो छोडेको पनि १७.खोकी लागेर, चुरोटले हो भने त्यसो भएर छोडेको १८.-

३९. राममाया तामाङ २.२१ वर्ष ३.महिला ४.विवाहित ५.निरक्षर ६.१ छोरा ७.मजदुरी ८.मजदुरी गरेर खाने हो।
९. १४ वर्षमा १०.काममा जादा साथीहरुले जोड गरेर ११.५/६ खिल्ली १२.आफूले किन्दा बिजुली १३.छैन।
१४. खराबी गर्छ भन्छन्। १५.तलतल लाग्ने भएर १६.छोड्ने प्रयास गरेको छैन। १७.रोग पनि लागेको छैन।
१८. साथीहरुले खान्छन्।

स्थलगत अध्ययनमा निम्न रुपमा धुम्रपान गर्ने प्रवृत्ति पाइयो।

पुरुष	२६
महिला	१३
उमेर समूह	१६-८४

१.	सिक्ने तरीका	पुरुष	महिला
	साथीबाट	१३	६
	आफू भन्दा ठूलाबाट	५	४
	कस्तो हुन्छ भनेर आफै	७	२
२.	आहिलेको अवस्था	पुरुष	महिला
	धुम्रपान गर्ने	१५	८
	कहिले काही मात्र	२	२
	छोडको	८	२
३.	सूर्ति सेवनको मार	पुरुष	महिला
	चुरोट मात्र	१०	१०
	चुरोट र अन्य धुम्रपान	३	-
	चुरोट र सूर्ति/ खैनी	४	-
	सूर्ति खैनीमात्र	२	-
४.	रोग लागे/ नलागेको	पुरुष	महिला
	रोग लागेको	१६	६
	केही भएको छैन	१	६

सन्दर्भ सामाग्री

१. WHO Report- 1998

२. औद्योगिक व्यवसाय ऐन - २०४९

३. Tobacco Aleart - 1995 Jun.

४. Tobaco Alert – 1995 (No tobacco day 31 May.

५. Tobacco Alert – 1996 (No Tobaco day 31 May.

६. नेपाल हृदयरोग निवारण प्रतिष्ठानको मुख पत्र- वर्ष ४, अंक १।

७. नेपाल हृदयरोग निवारण प्रतिष्ठानको मुख पत्र- वर्ष ५, अंक २।

८. Chronic Bronchitis and Corpulmonale in Nepal a Scientific Epidemiological study – Mrigendra medical trust.

९. मृगेन्द्र सम्झना चिकित्सा गुठीको केही तथ्याङ्क।

१०. 'एक दशक' - सूर्य टोबाको कम्पनी।

११. Touch me not – Voluntary health association of India.

१२. Encyclopedia – Britamica – Macropedia.

१३. Encyclopedia - World Book.

१४. Smoking amoing youngsters.

१५. Young people and alcolcol, drugs and tobacco – WHO publication.

१६. Smoking and health – Report of Regional Seminar – 1984.

१७. Evaluationg tobacco control activities -WHO.

१८. विकासोन्मुख देशहरुमा धुम्रपान नियन्त्रण कार्यनीतिहरु -WHO.